CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास–प्रधान त्रैमासिक पत्रिका

६८

पूर्णाङ्क

संशोधन–मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का. मे. अ. द. नं. १५५/२४१

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

१७ वर्ष ४ अङ्क

सम्पादक—
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक—
देवीप्रसाद भण्डारी
(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. २०।—

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषय-सूची

१. भारतीय नाट्यशास्त्रको एक अंश, नेपाली लेखोट पुस्तकहरूबाट —महेशराज पन्त १-११

२. रामाङ्कनृत्यको प्रसङ्गमा आएका केही कुरा —महेशराज पन्त ११-१६

३. गौरीपति पाँडे र पद्मनिधि पाँडेसम्बन्धी ६ वटा अप्रकाशित पत्र —दिनेशराज पन्त १९-२३

४. पद्मनिधि पाँडेले गनेको, वि. सं. १८९६ को सूर्यग्रहण —दिनेशराज पन्त २३-२५

५. तृतीयाप्रकृति कि तृतीया प्रकृति ? —महेशराज पन्त २५-२६

६. चरकसंहितामा परेको नारिषण्ड भन्ने रूपको विषयमा —महेशराज पन्त २६-३६

७. बृहन्नडालाई बुझाउन महाभारतमा प्रयोग भएका नपुंसकवाचक शब्द —महेशराज पन्त ३९-४५

८. श्री ५ गीर्वाणवाट कोटलहरका राजा नारायणपाललाई गरिदिएको अप्रकाशित ताम्रपत्र —दिनेशराज पन्त ४५-४६

९. कलकत्तामा बसेका नेपाली दूतको तलबसम्बन्धी कुरा परेको अप्रकाशित पत्र —दिनेशराज पन्त ४६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भारतीय नाटचशास्त्रको एक अंश, नेपाली लेखोट पुस्तकहरूबाट

[दरबारका भित्री लङमा टहल गर्ने थरीथरीका नपुंसकसम्बन्धी, भारतीय नाटचशास्त्रका श्लोकहरूको नेपाली लेखोट पुस्तकहरूमा पाइएका पाठ]

—महेशराज पन्त

थरीथरीका विकलाङ्ग दरबारका भित्री लङमा सेवकका हैसियतले राखिन्थे भन्ने कुरा प्राचीन भारतीय वाङमयबाट बुझिए तापनि यस विषयमा जम्मै कुरा केलाएर कसैले लेखेको मैले देखेको छैन । यस कारण प्राचीन भारतीय लोकयात्राको इतिहासको अङ्गस्वरूप भएको यस विषयमा वि. सं. २०३८ देखि म खोजी गर्दै आइरहेको छु। मेरो यस खोजीले पुस्तकको रूप लिइसकेको छ तापनि पुस्तकाकारमा त्यो खोजी छपाउन अनुकूल नपरेकोले त्यसलाई क्रमशः **पूर्णिमामा** लेखका रूपमा छपाउँदै जाने विचार गरेको छु । यही विचारअनुरूप, यस विषयका दुइटा लेख **पूर्णिमामा** छापिई पनि सकेका छन् ।[१]

पूर्णिमाको ६७ अङ्कमा छापिएको, मेरो यससम्बन्धी लेख **दरबारका भित्री लङमा टहल गर्ने थरीथरीका नपुंसकको विषयमा** भन्ने छ। दरबारका भित्री लङका सेवकका हैसियतले **भारतीय नाटचशास्त्रमा** चर्चा गरिएका नपुंसकहरूको विषयमा व्याख्या गर्ने कोशिश त्यस निबन्धमा खास गरी गरिएको छ ।

अरू प्राचीन भारतीय ग्रन्थहरूको जस्तै **भारतीय नाटचशास्त्रको** पनि मूलपाठको उद्धार गर्ने काम राम्रोसँग नभइसकेकोले कुनै संस्करणमा त्यही वाक्यमा एउटा पाठ छ भने अर्को संस्करणमा त्यही वाक्यमा अर्को पाठ पनि भएको देखिएको छ ।[२] यसैले **नाटचशास्त्रको** मूलपाठको उद्धार गर्नको लागि त्यस ग्रन्थका पाइएसम्मका पुराना लेखोटको खोजी गर्ने काम गर्दै जान सक्नुपरेको छ जस्तो मलाई लाग्छ ।

---

१. वि. सं. २०४२ मा प्रकाशित **पूर्णिमाको** ६६ अङ्कका १–२७ पृष्ठमा छापिएको, महेशराज पन्तको **लिच्छवि-कालको एउटा अभिलेखमा परेको किरातवर्षधर भन्ने शब्दको विषयमा** भन्ने निबन्ध ।
वि. सं. २०४२ मा प्रकाशित **पूर्णिमाको** ६७ अङ्कको १ पृष्ठदेखि छापिएको, महेशराज पन्तको **दरबारका भित्री लङमा टहल गर्ने थरीथरीका नपुंसकको विषयमा** भन्ने निबन्ध ।

२. **पूर्णिमाको** ६७ अङ्कको १ पृष्ठ ।
भारतीय नाटचशास्त्रका पाठभेदको विषयमा वि. सं. २०२४ मा कलकत्ताबाट मनीषा ग्रन्थालय प्राइभेट लिमिटेडद्वारा प्रकाशित, मनोमोहन घोषको **द नाटचशास्त्र अस्क्राइब्ड् टु भरत–मुनि** [भरत–मुनिको भनी ठानिएको नाटचशास्त्र] को पहिलो भागको **इनट्रडक्शन्** [उपोद्घात] का २४–३२ पृष्ठ हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अभिनवभारतीसमेतको भारतीय नाटचशास्त्रका नवीनतम सम्पादक रविशंकर नागरको भनाइअनुसार नाटचशास्त्रका सम्पादकहरूले उपयोग गरेको, त्यस पुस्तकको सबभन्दा पुरानो लेखोट पाँच सय वर्ष जति पुरानो हो ।[३] यस कारण नाटचशास्त्रका त्यसभन्दा पुराना पुस्तक भेटिएका खण्डमा नाटचशास्त्रको मूलपाठको उद्धार गर्ने काममा बढी सघाउ पुग्न जाने कुरामा शङ्का छैन ।

यही विचारले अनुप्राणित भई भारतीय नाटचशास्त्रका पुराना लेखोट पुस्तकहरूको खोजी गर्न म लागें । वि. सं. १२८० मा नेपालमा सारिएको, नाटचशास्त्रको पुस्तक राष्ट्रिय अभिलेखालयमा देखिएकोले सो पुस्तक वि. सं. २०४२–१२८० वि. सं. =७६२ वर्ष पुरानो हो भन्ने कुरामा शङ्का भएन । वि. सं. १४१७ मा नेपालमा सारिएको, नाटचशास्त्रको अर्को पुस्तक राष्ट्रिय अभिलेखालयमा देखिएकोले सो पुस्तक वि. सं. २०४२–१४१७ वि. सं. =६२५ वर्ष पुरानो हो भन्ने कुरामा पनि शङ्का भएन । विक्रमको पन्ध्रौं शताब्दीका स्थितिराज मल्लको समय ताका सारिएको, नाटचशास्त्रको अर्को पुस्तक राष्ट्रिय अभिलेखालयमा देखिएकोले सो पुस्तक पनि दोस्रो पुस्तक जति नै पुरानो भएको कुरा छर्लङ्ग छ । यस कारण नाटचशास्त्रका सम्पादकहरूले उपयोग गरेको सबभन्दा पुरानो पुस्तकभन्दा ती तीनै पुस्तक निकै पुराना हुन् भनी भनिरहनुपर्दैन ।

थरीथरीका विकलाङ्ग दरबारका भित्री लङमा सेवकका हैसियतले राखिने चलनको विषयमा खोजी गर्ने सिलसिलामा भारतीय नाटचशास्त्रतिर म तानिएको हुँ । यसैले पूर्णिमाको ६७ अङ्कमा छापिएको, भारतीय नाटचशास्त्रमा दरबारको भित्री लङका सेवकको हैसियतले चर्चा गरिएका नपुंसकको विषयमा खास गरी लेखिएको मेरो सो लेखमा मैले नेपालमा सारिएका पुस्तकहरूको आधार लिई भारतीय नाटचशास्त्रको सम्बद्ध अंशको पाठको कहीं कहीं उद्धार गर्ने कोशिश गरेको छु । तर त्यही निबन्धमा यस विषयमा बढी कुरा लेख्दा प्रसङ्गान्तर हुने डर भएकोले नेपाली पुस्तकहरूमा भएको सम्बद्ध अंशका पाठ ती ती पुस्तकका पुष्पिकासहित यस निबन्धमा प्रकाश गरेको छु ।

भारतीय नाटचशास्त्रको सम्बद्ध अंशका पाठ पुराना नेपाली लेखोट पुस्तकहरूबाट दिंदा मैले छ वटा पुस्तकको उपयोग गरेको छु । तिनमा सबभन्दा पुरानो पुस्तक वि. सं. १२८० मा अभय मल्लको पालामा राजघरानाका अनन्त मल्लको लागि सारिएको थियो–[४]

> ...राजाधिराजपरमेश्वरपरमभट्टारक । रघुवंसश्रीमदभयमल्लदेवस्य विजयराज्ये ।। ।। कुमारश्रीअनन्तमल्लदेवस्य पुस्तकमिदं लिखापितं ।। ।। सम्वत् ३४४ कार्त्तिकशुक्लपूर्णमास्यां ।। बृहस्पतिवारे ।। स्वभदिने ।। ४ ।। भरतशास्त्र संपूर्ण

---

३. वि. सं. २०३८ मा दिल्ली र अहमदाबादबाट परिमल पब्लिकेशन्सद्वारा प्रकाशित, रविशंकर नागरको भरतमुनिप्रणीतं नाटचशास्त्रम्, श्रीमदभिनवगुप्ताचार्यविरचितया अभिनवभारती संस्कृतव्याख्यया समुद्भासितम् [श्रीमान् अभिनवगुप्ताचार्यले बनाएको अभिनवभारती संस्कृतव्याख्याले सिंगारिएको, भरतमुनिले बनाएको नाटचशास्त्र] को इन्ट्रडक्शन् [उपोद्घात] का ७– ८ पृष्ठ ।

४. श्रीजनकलाल शर्माले गराउनुभएको यस पुस्तकको प्रतिलिपि हेरेपछि म मूल पुस्तकपट्टि तानिएको हुँ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

समाप्तमिति ।।[५]

[राजाधिराज परमेश्वर परमभट्टारक रघुवंशी श्रीमान् अभय मल्लदेवको विजयराज्यमा ।। ।। कुमार श्रीअनन्त मल्लदेवको यो पुस्तक लेखाइयो ।। ।। संवत् [ने. सं.] ३४४ [वि. सं. १२८०] कार्त्तिकशुक्लपूर्णिमा बृहस्पतिवारको असल दिन ।। भरतशास्त्र सम्पूर्ण भयो, सिद्धियो ।]

ताडपत्रमा भुजिमोल लिपिले लेखिएको यो पुस्तक नेपाल राष्ट्रिय अभिलेखालयको दोस्रो २१५ सङ्ख्याको हो । यस पुस्तकको माइक्रोफिलमको रीलसङ्ख्याचाहिँ ए १८/२२ र ए १९/1 हो । यस पुस्तकको क भन्ने नाउँ मैले यहाँ राखेको छु । सम्बद्ध अंश यस पुस्तकको २४७ पत्रमा परेको छ ।

दोस्रो पुस्तकचाहिँ वि. सं. १४१७ मा पाटनका पात्र यश:कीर्तिरामको लागि सारिएको थियो—

इति भारतीये नाटयशास्त्रे तत्वनिधानो नामाध्यायः पंचत्रिंशदिति ।। ।।

चतुःशताधिकाशीत्यां श्रीमन्नेपालहायने । ।। ।।
पक्षतौ चैत्रकृष्णस्य स्वातिभे शुक्रवाशरे ।।
नेपाले ललिताभिधाननगरे पात्राधिपालं कृते
पात्रश्रीयशकीर्त्तिरामनृपतेः पुण्यात्मनः श्रद्धया ।
आनन्दोरमनंतरामसहितो नाटयस्य शास्त्रं मह-
त्संपूर्ण्णम्वरभारतीयमलिखद्रामाङ्कनृत्यक्रमे ।।

शुभःमस्तु ।। ० ।।[६]

[भारतीय नाटयशास्त्रमा तत्त्वनिधान भन्ने नाउँ भएको पैँतीसौँ अध्याय सिद्धियो ।

श्रीनेपालसंवत् चार सय असी [वि. सं. १४१७] चैत्रकृष्णप्रतिपदा स्वातिनक्षत्र शुक्रवारको दिन, नेपालमा, पात्रहरूले पालना गरिएको ललित नाउँ भएको सहरमा, पुण्यात्मा पात्र श्रीयश:कीर्तिराम राजाको श्रद्धाले अनन्तराम (?)सहितका आनन्दरामले (?) रामाङ्कनाचको सिलसिलामा[७] ठूलो, असल

---

५. यो पुष्पिका, वि. सं. २०१५ मा रोमबाट इस्तितुतो इतालियानो पेर इल मेदिओ एद एस्त्रेमो ओरियेन्तेद्वारा प्रकाशित, लूच्यानो पेतेकको मेड्ईभल् हिस्टरि अफ् नेपाल् [नेपालको मध्यकालको इतिहास] को पहिलो संस्करणको ८६ पृष्ठमा सबभन्दा पहिले छापिएको हो । त्यसपछि वि. सं. २०३९ मा प्रिन्स्टनबाट प्रिन्स्टन युनिभर्सिटी प्रेसद्वारा प्रकाशित, मेरी शेफर्ड स्लसरको नेपाल् मण्डलको पहिलो भागको ३१८ पृष्ठमा राजाधिराजभन्दा अगाडिका पद पढी छपाइएका छन् । बृहस्पतिवारेपछिका पद अन्त छापिएका छैनन् । अहिले मूलसँग रुजू गरी शुद्ध पाठ यहाँ छपाइएको छ ।

६. यो पुष्पिका अन्त छापिएको छैन ।

७. पूर्णिमाको यही अङ्कमा छापिने, महेशराज पन्तको रामाङ्कनृत्यको प्रसङ्गमा आएका केही कुरा भन्ने निबन्ध ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भारतीय नाटचशास्त्र सम्पूर्ण लेखे ।
शुभ होओस् ।]

ताडपत्रमा भुजिमोल लिपिले लेखिएको यो पुस्तक नेपाल राष्ट्रिय अभिलेखालयको चौथो ३१६ सङ्ख्याको हो। यस पुस्तकको माइक्रोफिल्मको रीलसंख्या बी १४/३३ हो। यस पुस्तकको ख भन्ने नाउँ मैले यहाँ राखेको छु। सम्बद्ध अंश यस पुस्तकको ३७७ पत्रमा परेको छ।

तेस्रो पुस्तकको पुष्पिकामा विशेष कुरा नलेखिएकोले यो पुस्तक कहिले सारिएको थियो भनी भन्न सकिंदैन–

(महापुण्यं प्रशस्तं च लोकानां) नयनोत्सव ०् ।
नाटचशास्त्रं समाप्तेदं भरतस्य रसावहं ॥ ❀ ॥
इति भारतीयनाटचशा(स्त्रे तत्वनिधानो नामाध्यायः पञ्चत्रिं)शदिति ॥ ❀ ॥[८]

[(धेरै पुण्य हुने, असल, मानिसहरूको) आँखाको उत्सव भएको, भरतको रसिलो यो नाटचशास्त्र सिद्धियो। भारतीय नाटचशा(स्त्रमा तत्त्वनिधान भन्ने नाउँ भएको पैंती)सौँ (अध्याय) सिद्धियो ।]

तर त्यस पुस्तकमा भिन्नै पत्रमा स्थितिराज मल्ल परलोक भएको कुरा तिथिमितिसमेत दिई पछिल्लो लिपिमा यो श्लोक लेखिएको छ–

उ यातेे कामसरैकभूतसहिते नैपालिके हायने
षष्ठ्यां भाद्रपदे ऽसिते रविदिने ऋक्षे तथा स्त्रष्टरि
मध्याह्ने स्थितिराजमल्लनृपतिः स्वर्गाविरोहं गतो
हाहाकाररवः सशोकवचनं व्याप्तं प्रजानान्मुखं[९]

---

८. यो पुष्पिका अन्त छापिएको छैन । यस्तै खालको पुष्पिका घ ङ र च पुस्तकमा पनि आएकोले तिनको आधार लिई कोष्ठकभित्रका अक्षर थपिएका हुन् ।

९. यो पद्य, वि. सं. २०१९ मा ललितपुरबाट जगदम्बा–प्रकाशनद्वारा प्रकाशित, धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको इतिहास-संशोधनको प्रमाण–प्रमेयको मूल भागको ३८ पृष्ठमा सबभन्दा पहिले छापिएको हो । अहिले मूलसँग भिडाई शुद्ध पाठ यहाँ छपाइएको छ ।
वि. सं. २०४० मा रोमबाट इस्तितुतो इतालियानो पेर इल मेदिओ एद एस्त्रेमो ओरियेन्तेद्वारा प्रकाशित लूच्यानो पेतकको मेड्इईभल् हिस्टरि अफ् नेपाल्को दोस्रो संस्करणको १४३ पृष्ठमा यस पद्यको प्रकाशनको विषयमा यस्तो लेखिएको छ–
द नोट् वज् फस्ट् पब्लिश्ड् बाइ ध्. बज्राचार्य, इतिहास् प्रमान् प्रमेय, ३८, यान्ड् इन् इतिहास् संशोधन (२०१० भीएस्), ७ ।
[यो टिपोट पहिले धनवज्र वज्राचार्यको इतिहास–संशोधनको प्रमाण–प्रमेयको ३८ पृष्ठमा र वि. सं. २०१० मा प्रकाशित इतिहास–संशोधन ७ पृष्ठमा छापिएको थियो ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[ॐ नेपालसंवत् ५१५ [वि. सं. १४५२] भाद्रकृष्णषष्ठी रोहिणीनक्षत्र आदित्यवारको दिन मध्याह्नमा स्थितिराज मल्ल राजा स्वर्गे भयो। प्रजाहरूको मुखमा हाहाकारको आवाज र शोकसमेतको बोली व्याप्त भयो।][10]

ताडपत्रमा भुजिमोल र प्राचीन नेवारी लिपिले लेखिएको यो पुस्तक नेपाल राष्ट्रिय अभिलेखालयको पाँचौं ३२३ सङ्ख्याको हो। यस पुस्तकको माइक्रोफिल्मको रीलसङ्ख्या ए १६/२ हो। यस पुस्तकको ग भन्ने नाउँ मैले यहाँ राखेको छु। सम्वद्ध अंश यस पुस्तकको ३३६ पत्रमा परेको छ।

चौथो पुस्तकचाहिँ वि. सं. १७०४ तिर सारिएको थियो–

महापुण्यं प्रशस्तं च लोकानां नयनोत्सवं।
नाट्यशास्त्रं समाप्तेदं भरतस्य यशावहं ॥ ॥
इति भारतीयनाट्यशास्त्रे तत्वनिधानो नामाध्यायः पंचत्रिंशदिति ॥ ॥
शैलषष्ठमुनौ युक्तं गते नेपालवत्सरे।
विनोदानन्तसिंहाभ्यां लिखिता भारती मुदा ॥ ॥
भीमस्यापि भवेत्भंगः मुनेरपि मतिभ्रम।
यथा दृष्टं तथा लिखितं लेखिको नास्ति दोषः ॥"[11]

[धेरै पुण्य हुने, असल, मानिसहरूको आँखाको उत्सव भएको, कीर्ति ल्याउने, भरतको यो नाट्यशास्त्र सिद्धियो।
भारतीय नाट्यशास्त्रमा तत्त्वनिधान भन्ने नाउँ भएको पैंतीसौं अध्याय सिद्धियो।
नेपालसंवत् ७६७ [वि. सं. १७०४ आ.] जाँदा विनोद र अनन्तसिंहद्वारा खुशी भएर भरतको शास्त्र सारियो।

वि. सं. २०१० मा काठमाडौंबाट धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालद्वारा प्रकाशित, उनीहरूको इतिहास–संशोधनको ७ पृष्ठमा स्थितिराज मल्ल परलोक भएको तिथिमितिको विषयमा यस्तो लेखिएको छ–

ने. सं. ५१५ भाद्रपदेऽसिते षष्ठ्यां रविदिने मध्याह्ने स्थितिमल्लदेवः पञ्चत्वं गतः।" (वीरपुस्तकालयको पुस्तकमा) [ने. सं. ५१५ भाद्र वदि ६ आतित्यवारका दिन मध्याह्नमा राजा स्थितिमल्लको देहावसान भयो।]

यताबाट माथिको पद्यको सारांश वीरपुस्तकालयको कुनै पुस्तकमा टिपिएको रहेछ भन्ने देखिन्छ। त्यही सारांश नै वि. सं. २०१० मा धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको इतिहास–संशोधनमा छापिएको र मूल पद्यचाहिँ वि. सं. २०१९ मा मात्र इतिहास–संशोधनको प्रमाण–प्रमेयमा छापिएको स्पष्ट हुन्छ।

१०. इतिहास–संशोधनको प्रमाण–प्रमेयको मूल भागको ३८ पृष्ठमा छापिएको उल्थामा आवश्यक हेरफेर गरी यो उल्था तयार गरिएको छ।

११. यो पुष्पिका अन्त छापिएको छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भीमको पनि भङ्ग हुन्छ, मुनिको पनि बुद्धिमा भ्रम पर्छ। जस्तो देखियो, त्यस्तै लेखियो; सार्नेको दोष छैन।]

एकातिर हरिताल लाएको नेपाली पाको कागतमा नेवारी लिपिले लेखिऐको यो पुस्तक नेपाल राष्ट्रिय अभिलेखालयको पहिलो ३०५ सङ्ख्यांको हो। यस पुस्तकको माइक्रोफिल्मको रीलसङ्ख्याचाहिं बी २७७/७ हो। यस पुस्तकको घ भन्ने नाउँ मैले यहाँ राखेको छु। सम्बद्ध अंश यस पुस्तकको १६१ पत्रमा परेको छ।

पाँचौँ पुस्तकको पुष्पिकावाक्यमा पनि विशेष कुरा नलेखी क्ण्डै क्ण्डै ग पुस्तकको जस्तै पुष्पिका दिइएकोले यो पुस्तक कहिले सारिएको थियो भनी भन्न सकिँदैन–

महापुण्यं प्रशस्तं च लोकानां नयनोत्सवं।
नाटचशास्त्रं समापेदं भरतस्य यशोवहं ॥ ॥

इति भारतीयनाटचशास्त्रे तत्वनिधानो नामाध्यायः पञ्चत्रिंशदिति संपूर्ण्ण समाप्तः ॥ ॥[१२]

[ठूलो पुण्य हुने, असल, मानिसहरूको आँखाको उत्सव भएको, कीर्ति ल्याउने, भरतको यो नाटचशास्त्र सिद्धियो।

भारतीय नाटचशास्त्रमा तत्त्वनिधान भन्ने नाउँ भएको पैंतीसौँ अध्याय सिद्धियो।]

एकातिर हरिताल लाएको नेपाली पाको कागतमा नेवारी लिपिले लेखिएको यो पुस्तक नेपाल राष्ट्रिय अभिलेखालयको पाँचौँ ९९६ सङ्ख्याको हो। यस पुस्तकको माइक्रोफिल्मको रीलसङ्ख्या ए ३५३/२५ र ए ३५४/१ हो। यस पुस्तकको ङ भन्ने नाउँ मैले यहाँ राखेको छु। सम्बद्ध अंश यस पुस्तकको १७७ पत्रमा परेको छ।

छैटौँ पुस्तक, त्यस बेलाका प्रसिद्ध ग्रन्थकार[१३] र लेखक[१४] सुन्दरानन्द बाँडाले छोरासमेत भई ज. भीमसेन थापाको

---

१२. यो पुष्पिका अन्त छापिएको छैन।

१३. वि. सं. २०१९ मा काठमाडौँबाट नेपाल–सांस्कृतिक–परिषद्द्वारा प्रकाशित, धनवज्र वज्राचार्यको **पण्डित सुन्दरानन्दविरचित त्रिरत्न–सौन्दर्यगाथा।**

त्रिरत्नसौन्दर्यगाथामा छापिएको नयराज पन्तको **उपोद्घात** ७–९, ८४–९२ पृष्ठ।

वि. सं. २०२१ मा ललितपुरबाट जगदम्बा प्रकाशनद्वारा प्रकाशित, कमल दीक्षितको **सुन्दरानन्दको रामायण।**

वि. सं. २०२० मा ललितपुरबाट मदनपुरस्कारगुठीद्वारा प्रकाशित, **नेपाली १५** अङ्कका १९–२९ पृष्ठमा छापिएको, बाबुराम आचार्यको **राजधर्मका अनुवादक** भन्ने निबन्ध।

वि. सं. २०२४ मा प्रकाशित **पूर्णिमा १४** अङ्कका २०४–२०८ पृष्ठमा छापिएको, धनवज्र वज्राचार्य, महेशराज पन्त र दिनेशराज पन्तको **पं. सुन्दरानन्द बाँडाले राजकुमार बहादुर शाहलाई चढाएको पद्यमय बिन्तीपत्र** भन्ने निबन्ध।

वि. सं. २०२७ मा प्रकाशित **नेपाली ४५** अङ्कका ८२–९२ पृष्ठमा छापिएको, बाबुराम आचार्यको **राजधर्मका लेखक सुन्दरानन्द हुन्** भन्ने निबन्ध।

१४. वि. सं. २०२२ मा काठमाडौँबाट श्री ५ को सरकार शि. मं. पुरातत्त्वविभाग नेपाल राष्ट्रिय पुस्तकालयद्वारा प्रकाशित, नयनाथ पौडेलको **प्रशस्ति–रत्नावलिको उपोद्घातका** ३९–४१ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आज्ञाले पद्मनिधि भन्ने कुनै पण्डितको लागि वि. सं. १८८४ मा सारेका थिए। यो पुस्तक, वि. सं. १४१७ मा ताडपत्रमा भुजिमोल लिपिले लेखिएको भारतीय नाट्यशास्त्रको पुस्तकबाट सारिएको थियो–

महापुण्यं प्रशस्तं च लोकानां नयनोत्सवं ।।
नाट्यशास्त्रं समाप्तेदं भरतस्य यशोवहं ।। २ ।।

इति भारतीये नाट्यशास्त्रे तत्वनिधानो नामाध्यायः पञ्चत्रिंशदिति ।। ।।
समाप्तं भारतीयं नाट्यशास्त्रं ।। शुभमस्तु ।।

स्वस्ति श्रीमज्जनरलभीमसेनाज्ञया त्वरा ।।
तद्भारतीयं नेपालसंवदद्रियुगांकगा ।।
चैत्री राका बुधदिनं मेषसंक्रमणं यदा ।।
चतुःशताधिकाशीत्या श्रीमन्नेपालहायने ।।
लिखिता ताडपत्रीया भोजिम्मोलाभिधा लिपिः ।।
दृष्ट्वा तामलिखद्बौद्धः ससुतः सुंदराभिधः ।।
भूयात्समृद्धिदं राज्ये मंत्रिकुले विवृद्धिकृत् ।।
आयुरारोग्यजननं क्षेमकारि च सर्वथा ।। ।।
शुभमस्तु ।। श्रीगुर्वर्पणमस्तु ।। श्रीसरस्वती प्रसन्नास्तु ।।
विद्वान् पद्मनिधिस्तावत्तत्पुस्तकशोधकः ।
भीमसेनप्रीतिपात्रं तदास्ते तस्य पुस्तकं ।। १ ।।
लिखापयति तत्तदा ।। १ ।। पाठः ।।

[ठूलो पुण्य हुने, असल, मानिसहरूको आँखाको उत्सव भएको, कीर्ति ल्याउने, भरतको यो नाट्यशास्त्र सिद्धियो।

भारतीय नाट्यशास्त्रमा तत्त्वनिधान भन्ने नाउँ भएको पैंतीसौं अध्याय सिद्धियो।

भारतीय नाट्यशास्त्र सिद्धियो। कल्याण होस्।

स्वस्ति श्रीजनरल भीमसेनको आज्ञाले नेपालसंवत् ९४७ [वि. सं. १८८४] चैत्रपूर्णिमा बुधवारको दिन जब मेषसङ्क्रान्ति भयो,[१५] (तब) त्यो भारतीय (नाट्यशास्त्र) हडबडले सारियो।

---

१५. यस दिनको गणना यस प्रकारको छ–

ने. सं. ९४७ [वि. सं. १८८३] चैत्रशुक्ल

	वार	तिथि	घडी	पला
वि. सं. १८८४ वैशाख १	बुध	चतुर्दशी	१	५६
			१८	१

(पात्रोबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीनेपालसंवत् चार सय असी [वि. सं. १४१७] मा ताडपत्रमा भोजिमोल्ल भन्ने लिपिले लेखिएको पुस्तक छ।[१६] त्यो हेरेर छोरासमेतका सुन्दर भन्ने बौद्धले सारे।

राज्यमा समृद्धि दिने होओस्। मन्त्रीको वंशमा बढिबढाउ गर्ने, आयु र आरोग्य पैदा गर्ने, सबै तरहले कल्याण गर्ने होओस्।

कल्याण होओस्। श्रीगुरुलाई अर्पण होओस्। श्रीसरस्वती प्रसन्न होऊन्।

भीमसेनका प्रीतिपात्र, थरीथरीका पुस्तक शोध्ने विद्वान् पद्मनिधि[१७] हुनुहुन्छ, त्यो पुस्तक उहाँको हो।

त्यो त्यस वेला उहाँ लेखाउनु हुन्छ भन्ने पाठान्तर।]

एकातिर हरिताल लाएको नेपाली पाको कागतमा देवनागरी लिपिले लेखिएको यो पुस्तक नेपाल राष्ट्रिय अभिलेखालयको पाँचौँ ११४० सङ्ख्याको हो। यस पुस्तकको माइक्रोफिलमको रीलसङ्ख्याचाहिँ ए ३५३/२३ हो। यस पुस्तकको च भन्ने नाउँ मैले यहाँ राखेको छु। सम्बद्ध अंश यस पुस्तकको १८० क पत्रमा परेको छ।

वि. सं. १२८० देखि १८८४ सम्मका ६०४ वर्षभित्र सारिएका, **भारतीय नाट्यशास्त्र**का ६ वटा पुस्तकको आधारमा सकेसम्म प्रामाणिक पाठ मैले यहाँ दिने कोशिश गरेको छु। ती ६ पुस्तक परस्परमा कहाँ कहाँ बाझ्छन्, तिनका सानासेसाना भेद (अशुद्ध भए पनि) मैले टिप्पणीमा देखाएको छु। सबै पुस्तकमा एकनासले रहेका अशुद्धिलाई मैले यहाँ यसै रहन दिएको छु र तिनलाई सच्याउने कोशिश गरेको छैन।

यत्स्यान्नपुंसकं नाम तृतीया प्रकृतिस्तु सा।
साप्यन्तःपुरसंचारे योज्या पार्थिववेश्मनि॥
३ **स्नातकं कंचुकीयाश्च तथा वर्षवराश्च ये।**

---

१६. ने. सं. ४८० मा ताडपत्रमा भोजिमोल्ल लिपिले लेखिएको पुस्तकबाट यो पुस्तक सारिएको हो भनी यहाँ लेखिएकोले यस पुस्तकको आदर्श पुस्तक, ने. सं. ४८० मा ताडपत्रमा भुजिमोल लिपिले लेखिएको, हाम्रो ख सङ्ख्याको पुस्तक त होइन ?

१७. दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे (वि. सं. १८१५–१८८८) का कान्छा भाइको नाउँ पद्मनिधि हो। (वि. सं. २०२३ मा प्रकाशित **पूर्णिमा** १२ अङ्कमा छापिएको, दिनेशराज पन्तको **दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेका परिवार** भन्ने निबन्ध, सो अङ्कका ६०, ७० पृष्ठ)। उनले भीमसेन थापाको पालामा कुशबिर्ता पाएको देखिएकोले, उनलाई ती पत्रमा पण्डित पद्मनिधि पाँडे भनी सम्बोधन गरिएको देखिएकोले, उनी ग्रहण गन्न सक्ने ज्योतिषी पण्डित पनि भएकाले र वि. सं. १८९६ सम्म पनि उनी जीवित रहेका देखिएकोले वि. सं. १८८४ वैशाख १ गते सारिएको यस पुस्तकमा भीमसेनका प्रीतिपात्र विद्वान् पद्मनिधि भनी सुन्दरानन्द बाँडाले यिनै पद्मनिधि पाँडेलाई भनेका त होइनन् ?

पद्मनिधि पाँडेसम्बन्धी पत्र **पूर्णिमा**को यही अङ्कमा छापिने, दिनेशराज पन्तको **गौरीपति पाँडे र पद्मनिधि पाँडेसम्बन्धी ६ वटा अप्रकाशित पत्र** भन्ने निबन्धमा परेका छन्। पद्मनिधि पाँडेले गनेको ग्रहणको विषयमा **पूर्णिमा**को यही अङ्कमा छापिने, दिनेशराज पन्तको **पद्मनिधि पाँडेले गनेको, वि. सं. १८९६ को सूर्यग्रहण** भन्ने निबन्धमा परेको छ।

१. ग– °न्नपुंसक। ङ– °स्तु स।

२. च– °प्यंतःपुर°। ग– °संचार।

३. च– स्नातके।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उपस्थायिकनिर्मुण्डा कक्ष्यागारस्तथैव च ।।
अपुमांसस्तु पुरुषा ये तु स्त्रीभोगवर्जिताः ।
६ एते त्वन्तःपुरचराः कार्याकार्यनियोजिताः ।।
वास्त्वन्ते स्थानके कुर्यादार्यानाचारसंयुतः ।
प्रेषणेष्वार्यकार्येषु कंचुकीयान् नियोजयेत् ।।
९ तथा वर्षवरांश्चैव कामचारेषु योजयेत् ।
ओपस्थायिकनिर्मुण्डा स्त्रीणां प्रेषणकारणे ।।
मानकार्येषु नारीणां नियुंजीतानुचारिकं ।
१२ सर्ववृत्तान्तयोगज्ञं नाटचागारे नियोजयेत् ।।
ये त्वल्पसत्वाः प्रखलाः क्लीबाश्च स्त्रीस्वभाविनः ।
जात्या न दुष्टाः कार्ये च ते वै वर्षवराः स्मृताः ।।
१५ नपुंसका ये पुरुषाः स्त्रीस्वभावेन वर्जिताः ।
निर्मुण्डा नामतो ज्ञेयाः कामविज्ञानवर्जिताः ।।
ये विप्राः सत्यसम्पन्नाः कामदोषविवर्जिताः ।
१८ ज्ञानविज्ञानकुशलाः कंचुकीयास्तु ते स्मृताः ।।

---

४. घ– ओपस्थायिक° । ग– °निर्मुण्डो । च– °कक्षा° ।

५. क ख– अप्रमान्स° । ग ङ– अपुमान्स° । घ– अप्रमात्सर्य्यपुरुषा ।

६. ग– त्वन्तःपुरु° । च– त्वंन्तःपुर° । क– °चरा कार्यनियोजिताः । ख– °चरा कार्याकार्यनियोजिताः । ग घ– °चरा नृपकार्यनियोजिताः । ङ– °चरा कार्य्ये कार्य्यानियोजिताः । च– °चराः कार्य्याकार्यनियोजिताः ।

७. घ– बाह्यान्तःस्थानके । च– वास्त्वंतस्थानके । ङ– कुर्य्या° । ङ– °दार्य्या° । ग– °नावाच° । घ– °संयुतम् । च– °संयुताः ।

८. ग– प्रेषणो° । ङ– °ष्वार्य्यकार्य्येषु । क ख ग घ च– कंचुकीया ।

९. क ख ग घ च– °वराश्चैव । ङ– °वारांश्चैव ।

१०. ग– ज्योपस्थायिक° ।ङ च– औपस्थायिक° । क ख– स्रीप्रेषणकारणैः । ग– स्रीसंप्रेषणकारणैः । घ च– स्त्रीणां प्रेषणकारणैः । ङ– स्रीषु प्रेषणकारणैः ।

११. ङ– °कार्य्येषु । ग– नारीणान्नियुंजी° ।

१२. क ख ङ– सर्व्वं° । क ख च– वृत्तान्तयो राज्ञां । च– °वृत्तांतयो राज्ञां । घ– °वृत्तान्तकं राज्यं । क ख– नाटचांगारे । ग– नाटचाङ्गारेषु । ग– योजयेत् ।

१३. क ख– ये त्वल्पसत्वा प्रखलाः । ग– त्वाल्पसत्वा प्रखलाः । ङ– ये स्वल्पज्ञाश्च प्रखलाः । ङ– स्त्रीस्वभविनः ।

१४. च– ववर्बराः । ङ– स्मृता ।

१६. ङ– नाम ते ।

१७. ग च– °संपन्नाः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमाको ६७ अङ्कमा छापिएको, **दरबारका भित्री लडमा टहल गर्ने थरीथरीका नपुंसकको विषयमा भन्ने** मेरो लेख छापाखानामा जाँदासम्म **अभिनवभारती** मेरो हात परेको थिएन । यसैले **अभिनवभारती** हेर्न पाइएको खण्डमा **भारतीय नाटचशास्त्र**मा चर्चा गरिएका नपुंसक कति थरी हुन् भन्ने कुरा बुझ्न मदत मिल्थ्यो कि भन्ने मलाई लागेको थियो ।[१८] त्यसैले सो पुस्तक भेट्टाउने कोशिश मैले गरिरहेकै थिएँ । काशीमा पात्रो छाप्न जानुभएका पञ्चाङ्गकर्ता पं. नरनाथ शर्माका माहिला छोरा केशवराजलाई पनि मैले काशीमा भेट्टिए **अभिनवभारती** किनेर ल्याइदिन भनेको थिएँ । उहाँले भेट्टाउनुभएछ र वि. सं. २०३८–२०४१ मा दिल्ली र अहमहाबादबाट परिमल पब्लिकेशन्सद्वारा चार भागमा प्रकाशित, **अभिनवभारती**सहितको **भारतीय नाटचशास्त्र** मेरो लागि यही महाशिवरात्रिको दिन ल्याइदिनुभयो ।

त्यो पुस्तक पल्टाई हेर्दा सम्बद्ध अंश त्यहाँ ९ श्लोकको सट्टा पाँच श्लोकमा सिद्धचाइएको देखियो र **तृतीया प्रकृति** शब्द त्यहाँ पर्दै नपरेको देखियो । त्यसको अर्को झ्वाट्ट देखिने वैशिष्टच त्यहाँ निर्मुण्डको लक्षणै नपर्नु हो भनी भन्दा बढ्ता बोलेको ठहरिनेछैन ।[१९] यो संस्करण शिवदत्त र काशीनाथ पाण्डुरङ्ग परबको[२०] तथा मनोमोहन घोषको[२१] संस्करणसँग नमिली बटुकनाथ शर्मा र बलदेव उपाध्यायको संस्करण[२२]सँग बढी मिलेको देखियो । तर शर्मा र

---

१८. **पूर्णिमा** ६७ अङ्कको २ पृष्ठ ।

१९. सा त्वन्तःपुरसंचारे योज्या पार्थिववेश्मनि ।
कारुकाः कञ्चुकीयाश्च तथा वर्षवराः पुनः ॥
औपस्थायिकनिर्मुण्डा स्त्रीणां प्रेषणकर्मणि ।
रक्षणं च कुमारीणां बालिकानां प्रयोजयेत् ॥
अन्तःपुराधिकारेषु राजचर्यानुवर्तिनाम् ।
सर्ववृत्तान्तसंवाहाः पत्यागारे नियोजयेत् ॥
विनीताः स्वल्पसत्त्वा ये क्लीबा वै स्त्रीस्वभाविकाः ।
जात्या न दोषिणश्चैव ते वै वर्षवराः स्मृताः ॥
ब्राह्मणाः कुशला वृद्धाः कामदोषविवर्जिताः ।
प्रयोजनेषु देवीनां प्रयोक्तव्या नृपैः सदा ॥

[**भारतीय नाटचशास्त्र** २४।६८–७२]

[वि. सं. २०४० मा दिल्ली र अहमदाबादबाट परिमल पब्लिकेशन्सद्वारा प्रकाशित, रविशंकर नागर र कन्हैयालाल जोशीको **भरतमुनिप्रणीतं नाटचशास्त्रम्, श्रीमदभिनवगुप्ताचार्यविरचितया अभिनवभारती संस्कृतव्याख्यया समुद्भासितम्**को तेस्रो भागका २५१–२५२ पृष्ठ]

२०. वि. सं. १९५१ मा मुम्बईबाट निर्णयसागर प्रेसद्वारा प्रकाशित, शिवदत्त र काशीनाथ पाण्डुरङ्ग परबको **द नाटचशास्त्र अफ् भरत मुनि** [भरत मुनिको **नाटचशास्त्र**] २४ । ५०–५८ ।

२१. वि. सं २०१३ मा कलकत्ताबाट एशियाटिक सोसाइटी अफ बङ्गालद्वारा प्रकाशित, मनोमोहन घोषको **द नाटचशास्त्र अस्क्राइब्ड् टु भरत–मुनि** [भरत मुनिको भनी ठानिएको नाटचशास्त्र]को दोस्रो भाग ३४ । ७०–७८ ।

२२. वि. सं. १९८५ मा बनारसबाट काशी संस्कृत सीरिज आफिसद्वारा प्रकाशित, बटुकनाथ शर्मा र बलदेव उपाध्यायको **श्रीभरतमुनिप्रणीतं नाटचशास्त्रम्** [श्रीभरतमुनिले बनाएको नाटचशास्त्र] को ३४।६१–६५½ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

र उपाध्यायकोमा सम्बद्ध अंश साढे पाँच श्लोकमा भएकोमा यहाँ अरु आधा श्लोक घटेको देखिन्छ । त्यो घटेको-चाहिँ शर्मा र उपाध्यायकोमा भएको तृतीया प्रकृतिसम्बन्धी आधा श्लोक हो ।[२३] त्यसमाथि, अभिनवगुप्तले ती श्लोकका टीकै नगरिदिएकाले औपस्थायिकनिर्मुण्डको अर्थ गर्न अभिनवभारतीको त्यस प्रकरणबाट कुनै मदत मिल्न नगएको कुरा स्पष्ट भएको छ ।

卐

रामाङ्कनृत्यको प्रसङ्गमा आएका केही कुरा

—महेशराज पन्त

रामाङ्कनृत्यको सिलसिलामा पाटनका पात्र यशकीर्त्तिरामले सार्न लाएको भारतीय नाटचशास्त्र ने. सं. ४८० [वि. सं. १४१७] चैत्रकृष्णप्रतिपदाको दिन पूरा भएको थियो भन्ने कुरा नाटचशास्त्रको त्यही प्रतिमा लेखिएको पुष्पिका-बाट हामीलाई थाहा भएको छ ।[१]

पाटनका पात्र जशकीर्त्तिरामको नयाँ घरको प्रतिष्ठा गर्दा नचाउन[२] भनी ने. सं. ४८० [वि. सं. १४१७] मा

---

२३. या सा नपुंसका नाम तृतीया प्रकृतिः स्मृता ।
(३४।६१)

१. पूर्णिमाको यही अङ्कमा छापिएको, महेशराज पन्तको भारतीय नाटचशास्त्रको एक अंश, नेपाली लेखोट पुस्तकहरूबाट भन्ने निबन्ध, यही अङ्कका ३–४ पृष्ठ ।

२. **भृङ्गी ।। परिक्रम्यावलोक्य च ।। भगवन् गणपते सकलपात्रकुलतिलकस्य कामिनी-मोहनसुन्दरस्य नायकश्रीजशकीर्त्तिरामस्याभिनवपुरप्रतिष्ठामहोत्सवप्रसङ्गेन नाना-दिग्विदिग्देशागतानां सभासदाम्पुरस्तान्नाटिका प्रस्तूयते ।।**

(रामाङ्कनाटिकाको प्रस्तावना)

[वि. सं. २०४० मा काठमाडौंबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, ज्ञानमणि नेपालको जयतरचित महीरावणवध नाटक, विवेचनात्मक अध्ययनको १९ परिशिष्टमा केसरपुस्तकालयको ने. सं. ४९६ [वि. सं. १४३२] मा सारिएको रामाङ्कनाटिकाबाट यो वाक्य छापिएको छ । अहिले के. पु.को ७३ सङ्ख्याको मूल पुस्तकसँग रुजू गरी शुद्ध पाठ यहाँ छपाइएको छ ।]

[भृङ्गी– । घुमेर र हेरेर । – भगवान् गणपति, सबै पात्रवंशीहरूमा श्रेष्ठ, स्वास्नीमान्छेहरूलाई मोह पार्ने, राम्रा, नायक श्रीजशकीर्त्तिरामको नयाँ घरको प्रतिष्ठाको ठूलो उत्सवको प्रसङ्गले नानादिशा र विदिशाका देशदेशावरबाट आएका सभासद्हरूको अगाडि नाटिका प्रस्तुत गरिन्छ ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

धर्मगुप्तले रामाङ्कनाटिका बनाएका थिए भन्ने कुरा पनि सोही नाटिकाबाट बुझिन्छ ।[३]
सो नाटिका बनाउन लाउने यशःकीर्त्तिरामको कीर्तिसँगसँगै आफ्नो कीर्ति पनि फैलिरहोस् भन्ने कामना रामाङ्क-नाटिकाका रचयिता धर्मगुप्तले सोही नाटिकाको सबभन्दा पछिल्लो श्लोकमा गरेको देखिएको छ ।[४]

---

३. अस्ति विद्यार्णवोद्भूतो बालवागीश्वरः कविः ।
तेन श्रीधर्मगुप्तेन कृता रामाङ्कनाटिका ।।
...श्रेयोस्तु । सम्वत् ४८० शुक्लैकदशम्यां रविवासरे ।
तेनैव धर्मगुप्तेन श्रीमता रामदासिना ।
बालवागीश्वरेणेयं लिखिता रामाङ्कनाटिका ।।

(केम्ब्रिजविश्वविद्यालयको पुस्तकखानाको १४०९ सङ्ख्याको रामाङ्कनाटिका)

[वि. सं. १९४० मा केम्ब्रिजबाट युनिभर्सिटी प्रेसद्वारा प्रकाशित, सेसिल बेन्डलको क्याट्अलग् अफ् द बुड्इस्ट् स्यान्स्क्रिट् म्यान्युस्क्रिप्ट्स् इन् द यूनिभर्सिटि लाइब्ररि, केम्ब्रिज् [केम्ब्रिजविश्वविद्यालयको पुस्तकखानामा रहेका, संस्कृतमा लेखिएका बौद्ध लेखोट पुस्तकहरूको सूचीपत्र] का ८७–८८ पृष्ठ ।
बेन्डलको पुस्तकमा विद्यार्णवो॑पछि दुइ अक्षर नपुगी पहिलो पाउ लङ्गडो भएको छ । केसरपुस्तकालयको ७३ सङ्ख्याको रामाङ्कनाटिकाको २ ख पत्रमा र नेपाल राष्ट्रिय अभिलेखालयको चौथो ७९७ सङ्ख्याको रामाङ्कनाटिकाको २ ख पत्रमा परेको त्यही श्लोकमा विद्यार्णवोपछि ॑द्भूतो भएकोले ॑द्भूतो थपी यहाँ पादपूरण गरिएको छ ।
ग्रन्थकारकै हस्ताक्षरको रामाङ्कनाटिकाको पुस्तकको मिति बेन्डलले पढेअनुसार सम्वत् ४८० शुक्लैकदशम्यां रविवासो छ । सपछि आएको रेलाई सको लखकानो सम्झेर बेन्डलले कहीं कहीं सो पढेका हुन् कि जस्तो मलाई लाग्छ । (थप उदाहरणको लागि उही पुस्तकको १५२ पृष्ठमा आएको संवत्सो ।) यस कारण बेन्डलले वासो पढे पनि यो, वासरे हो भनी भन्न सकिन्छ । तर उनकै पाठअनुसार पनि महीनालाई बुझाउने शब्द त्यहाँ परेको देखिँदैन । यसो भए तापनि ने. सं. ४८० मा मोटामोटी तवरले ९३७ जोडी मैले वि. सं. १४१७ भनी यहाँ लेखेको हुँ ।]
[विद्यार्णवबाट जन्मेका कवि बालवागीश्वर छन् । तिनै श्रीधर्मगुप्तले रामाङ्कनाटिका बनाएको हो ।
कल्याण होओस् । संवत् ४८० [वि. सं. १४१७] शुक्लएकादशी आदित्यवारको दिन ।
रामदासका छोरा बालवागीश्वर तिनै श्रीधर्मगुप्तद्वारा यो रामाङ्कनाटिका लेखिएको हो।]

४. येन श्रीनाटिकेयं रुचिररसवरा भाषिता पात्रवर्गे
वस्त्रालङ्कारदानात्सकृदपि च यशःकीर्तिरामस्य तस्य ।
कीर्त्या सार्द्धम्महत्या प्रथितगुणवचो रामदासात्मजस्य
लोकालोकस्य मध्ये प्रविचरतु कवेर्द्धर्म्मगुप्तस्य कीर्त्तिं ।।

(रामाङ्कनाटिका ४ अङ्कको अन्तिम श्लोक)

[केसरपुस्तकालयको ७३ सङ्ख्याको रामाङ्कनाटिकाको १४६ ख पत्र)

[यो असल नाटिका राम्रो रसले श्रेष्ठ छ भनी जसले पात्रहरूसँग भन्नुभयो, एकपल्ट लुगा र गहना दिनाले पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रामाङ्कनृत्यको सिलसिलामा पाटनका पात्र यशकीर्त्तिरामले ने. सं. ४८० [वि. सं. १४१७] चैत्रकृष्णप्रतिपदामा **भारतीय नाटचशास्त्र** सार्न लगाएका थिए भन्ने कुरा बुझिएकोले र पाटनका पात्र जशकीर्त्तिरामको नयाँ घरको प्रतिष्ठा गर्दा खेलाउन **रामाङ्कनाटिका** बनाइएको हो भन्ने कुरा सोही नाटिकाबाट बुझिएकोले, यशःकीर्त्तिरामले सो नाटिकाको प्रचार गराए भनी सोही नाटिकामा अन्यत्र लेखिएकोले र सो नाटिका ने. सं. ४८० [वि. सं. १४१७] मा बनाइएको हो भन्ने कुरा सोही नाटिकाबाट बुझिएकोले **भारतीय नाटचशास्त्र** सार्न लाउने यशकीर्त्तिराम, आफ्नो घरको प्रतिष्ठा गर्दा **रामाङ्कनाटिका** नचाउने जशकीर्त्तिराम र **रामाङ्कनाटिका**को प्रचार गराउने यशःकीर्त्तिराम एकै हुन् र रामाङ्कनृत्य भनेर **रामाङ्कनाटिका**लाई नै लख गरिएको हो भन्ने कुरामा शङ्का रहँदैन ।

यशस् शब्द सकारान्त भएको र यशस्पछि कीर्त्ति आउँदा सन्धिको नियमअनुसार यशस्को स् विसर्ग हुन गई यशःकीर्त्ति हुने हुनाले पाटनका ती पात्रको शुद्ध नाउँ यशःकीर्त्तिराम हो भन्ने कुरामा शङ्का छैन । तर पनि यलाई ज उच्चारण गर्ने चलनअनुसार युद्धशमशेरलाई जुद्धशमशेर भने झैँ यशःकीर्त्तिरामलाई जशकीर्त्तिराम भनेर पनि लेखिएको हो भन्ने कुरा भनिरहनुपर्दैन । यशःकीर्त्तिरामले सार्न लाएको **भारतीय नाटचशास्त्र**को त्यस प्रतिमा जुन श्लोकमा उनको नाउँ आएको छ, शार्दूलविक्रीडित छन्दमा लेखिएको त्यस पद्यमा यशःकीर्त्तिराम मिलाउन नसकी पद्य बनाउनेले यशकीर्त्तिराम लेखेका हुन् भन्ने कुरा पनि स्पष्टै छ ।

रामाङ्कनाटिकाको ने. सं. ४९६ [वि. सं. १४३२] मा[५] सारिएको पुस्तकमा **प्रस्तावना**मा जशकीर्त्तिराम लेखिएको कुरा माथि परिसकेको छ ।[६] तर ने. सं. ५०१ [वि. सं. १४३७] मा सारिएको, **रामाङ्कनाटिका**को पुस्तकबाट वि.

भएको, उहाँ यशःकीर्त्तिरामको ठूलो कीर्तिसँगसँगै गुणको बयान फैलिएका, रामदासका छोरा, कवि धर्मगुप्त-को कीर्ति लोकालोक पहाडको बीचमा फैलियोस् ।]

५. **२ श्रेयोस्तु ।। सम्वत् ४९६ मार्ग्गशिरकृष्णअष्टम्यान्तिथौ ।। हस्तनक्षत्रे ।। शोभनयोगे ।। आदित्यवासरे ।। श्रीयोखाछेंविहारलाछवण्टावजाचार्यश्रीटुकुजुकेन लिखितमिदं स्वहस्तेन स्वपरार्थहेतुना ।।**

(केसरपुस्तकालयको ७३ सङ्ख्याको **रामाङ्कनाटिका**को १४७ ख पत्र । **महीरावणवध नाटक**को १९ परिशिष्टमा यो वाक्य छापिएको छ । यस नाटिकाको वि. सं. २०३२–२०३३ मा मैले सारेको र वि. सं. २०३५ मा भाइ दिनेशराज पन्तले सारेको उद्धरणसँग भिडाएर र मूल पुस्तकसँग हालै रुजू पनि गरेर शुद्ध पाठ यहाँ छपाइएको छ ।)

[कल्याण होओस् । संवत् ४९६ [वि. सं. १४३२] मार्गकृष्णअष्टमी तिथि, हस्तनक्षत्र, शोभनयोग, आदित्यवारको दिन । श्रीयोखाछेंविहार [इखाछेंबहाल] को सडकको पूर्वपट्टि (बस्ने) वज्राचार्य श्रीटुकुजुद्वारा आफ्नै हातले आफ्नो र अरूको लागि यो सारियो ।]

६. यहीं निबन्धको २ सङ्ख्याको पादटिप्पणी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सं. २०१० मा सारिएको पुस्तकमा[७] भने त्यही ठाउँमा जशकीर्त्तिराग पाठ छ।[८] तर नाटचशास्त्रको वि. सं. २०१० मा सारिएको पुस्तकबाट उद्धरण गरी वीरपुस्तकालयको बृहत्सूचीपत्रमा छपाउने पण्डितजीहरूले जशकीर्त्तिरागको ठाउँमा जशकीर्तिराज पाठ पढ्नुभएको छ।[९] मूल पुस्तक हेर्न सक्ने योग्यता नभएका श्रीडिल्लीरमण रेग्मी वीरपुस्तकालयका पण्डितजीहरूकै भर त पर्ने नै हुनुभयो, अरू त्यसमाथि शकार सकारको ख्याल राख्न सक्ने योग्यतासम्म पनि उहाँको नभएकोले पण्डितजीहरूका जशकीर्तिराजलाई उहाँले जसकीर्तिराज बनाइदिनुभएको छ भन्ने कुरा यहाँनिर भन्नुपर्छ।[१०] रामाङ्कनाटिकाको उपोद्घातका रचयिता श्रीचूडानाथ भट्टरायले जसकीर्तिराग

---

७. **लेखिकश्रीवज्राचार्यश्रीअमरेन्द्रचन्द्रेन देवजु अभयेन द्वयाभ्यां लिखापयितव्यं ।। ।।**

सम्वत्सरै समद्विके शशिशून्यबाणै मासे सितेतरभवे द्वितीया च पौषे ।।

नक्षत्रमेव वरपुष्य तथापि युक्तं वारेस्तथा भृगुसुतश्च सवैधृतिश्च ।। ।।

(नेपाल राष्ट्रिय अभिलेखालयको चौथो ७६७ सङ्ख्याको **रामाङ्कनाटिका** (माइक्रोफिल्मको रीलसङ्ख्या ३५१/१३) को १४० क पत्र)

[वि. सं. २०१९ मा काठमाडौंबाट वीरपुस्तकालयद्वारा सम्पादित र प्रकाशित, **नेपालराजकीयवीरपुस्तकालयस्थलिखितपुस्तकानाम् बृहत्सूचीपत्रम्** [नेपाल राजकीय वीरपुस्तकालयमा रहेका लेखोट पुस्तकहरूको ठूलो सूचीपत्र] को तेस्रो भागको ५८ पृष्ठमा यो उद्धरण परेको छ। अहिले मूलसँग रुजू गरी शुद्ध पाठ यहाँ छपाइएको छ।]

[लेखक श्रीवज्राचार्य श्रीअमरेन्द्रचन्द्र र देवजु दुवैद्वारा लेखियो।

संवत् ५०१, पौष महीना, कृष्णपक्ष, द्वितीया, असल पुष्यनक्षत्र, वैधृतिसहितको शुक्रवारको दिन।]

सो पुस्तक पद्मनाभकेसरी अर्ज्यालसँग रहेको ताडपत्रको पुस्तकबाट वि. सं. २०१० मा सारिएको हो भन्ने कुरा त्यही पुस्तकमा लेखिएको छ–

पण्डितपद्मनाभकेसरिणः ताडपत्रपुस्तकात् कृता प्रतिलिपिः

२०१० वि. सं.

[पण्डित पद्मनाभकेसरीको ताडपत्रको पुस्तकबाट गरिएको नकल।

वि. सं. २०१०]

८. **भगवन् गणपते सकलपात्रकुलतिलकस्य कामिनीमोहनमदनसुन्दरस्य नायकश्रीजशकीर्त्तिरागस्याभिनवपुरप्रतिष्ठामहोत्सवप्रसङ्गेन...**

(नेपाल राष्ट्रिय अभिलेखालयको चौथो ७६७ सङ्ख्याको **रामाङ्कनाटिकाको** २ पत्र)

९. ...श्रीजशकीर्तिराजस्यां...

(बृहत्सूचीपत्रको तेस्रो भागको ५७ पृष्ठ)

१०. **रामाङ्कनातिका** (ए कपइ अफ् दि अरिज्इनल् वर्क्) बाइ धर्मगुप्त कम्पोज्ड् इन् द टाइम् अफ् महापात्र जयसिंहइन् एन्एस् ५३४। दिस् वज् स्टेज्ड् अन् दि अकेव्जन् अफ् द सेर्इमोनिअल् कम्प्लीशन् अफ् ए प्यालइस् अफ् ए नोब्ल्म्यान् वाइ नेम् जसकीर्तिराज हू इज् अड्रेस्ड् याज् **षकलपात्रकुलतिलक** यान्ड् **नायक**।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लेखेको[११], सोही नाटिकाका सम्पादक गोविन्दप्रसाद भट्टराईले उदाहारमा जसकीर्तिराग लेखेको[१२] र सोही नाटिकाको मूल भागमा चाहिँ जशकीर्तिराग पाठ छपाएको[१३] कुरा पनि यहाँ सम्झनुपर्छ । रामाङ्कनाटिकाको अन्तमा आएको श्लोकको आफँले छपाएको पाठमा यशःकीर्त्तिराम[१४] हुँदा हुँदै पनि त्यस पदको अर्थ गर्न नसकी सो श्लोककै मनपरी अर्थ गरी गोविन्दप्रसाद भट्टराईले छपाएको कुरा पनि यस प्रसङ्गमा स्मरणीय छ ।[१५] श्रीज्ञानमणि नेपालले

(वि. सं. २०२२ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको **मेड्इईभल् नेपाल्** [मध्यकालको नेपाल] को पहिलो भागको ६३६ पृष्ठ)

[धर्मगुप्तले महापात्र जयसिंहको समयमा ने. सं. ५३४ मा बनाएको **रामाङ्कनाटिका** (मूल पुस्तकको नकल) । यो, **सकलपात्रकुलतिलक** र **नायक** भनी प्रशस्ति लेखिएका जसकीर्तिराज भन्ने नाउँ भएका कुनै भारादारको दरवार बनाई तयार हुंदा गरिएको विधिविधानको अवसरमा खेलाइएको थियो ।]

११. प्रस्तावनामा श्री जसकीर्तिराग भनिएका र पछि जयसिंह मल्ल भनिएका महापात्र एक नै भए त हाम्रो ललितपुरको इतिहासको महापात्रको ऐतिहासिक साहित्यिक भूमिकाले नयाँ आलोक थप्तछ ।
(वि. सं. २०३२ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानद्वारा प्रकाशित, गोविन्दप्रसाद भट्टराईको **रामाङ्कनाटिकामा** छापिएको चूडानाथ भट्टरायको **उपोद्घातका** क–ख पृष्ठ ।

१२. यो नाटिका प्रस्तुत गर्नाको कारणपट्टि इङ्गित गर्दै कवि ग्रन्थको आदिमा लेख्तछन्– "सकलपात्रकुलतिलकस्य कामिनीमोहनमदनसुन्दरस्य नायकश्री जसकीर्तिरागस्याभिनवपुरप्रतिष्ठामहोत्सवप्रसङ्गेन नानादिग्देशागतानां सभासदां पुरस्तान्नाटिका प्रस्तूयते ।" यस उक्तिबाट जयसिंहकै अर्को न्वारानको नाम जसकीर्त्ति राग हो र उनले ललितपुरको स्थापना गरेकाले नयाँ नगर स्थापना गरेर प्रतिष्ठा गरेको र स्वतन्त्र राज्य स्थापना गरेको उपलक्ष्यमा देखाउनका निमित्त यो नाटिका लेखाएका रहेछन् भन्ने झल्किन्छ ।

(**रामाङ्कनाटिकामा** छापिएको गोविन्दप्रसाद भट्टराईको **उदाहारको** ६ पृष्ठ)

१३. ...श्रीजशकीर्तिरागस्या°

(प्रकाशित **रामाङ्कनाटिकाको** मूल भागको ३ पृष्ठ)

१४. येन श्रीनाटिकेयं रुचिररसवरा भाविता प्राणिवर्गे वस्त्रालङ्कारदानादसकृदपि यशःकीर्त्तिरामस्य तस्य ।
कीर्त्या सार्द्धं महत्या प्रथितगुणवरो रामादासात्मजस्य लोकालोकस्य मध्ये प्रविचरतु कवेर्धर्मगुप्तस्य कीर्तिः ।।

(प्रकाशित **रामाङ्कनाटिकाको** मूल भागका ३६६–३६७ पृष्ठ)

[राम्रो रसले श्रेष्ठ भएको, यो असल नाटिका जसले बनाउन लाउनुभयो, प्राणीहरूलाई लुगा र गहना वारंवार दिनाले पनि भएको, उहाँ यशःकीर्त्तिरामको ठूलो कीर्तिसँगसँगै असल गुण फैलिएका, रामदासका छोरा कवि धर्मगुप्तको कीर्ति लोकालोक पहाडको बीचमा फैलियोस् ।]

१५. सुन्दर श्रृङ्गार आदि रसले गर्दा अति उत्तम भएको यो नाटिका जसले अनेक अनुसन्धान गरेर रचना गरे । प्राणिवर्ग [ब्राह्मणादि]लाई वारंवार वस्त्र अलङ्कार दिएर कीर्ति कमाए । रामको कीर्ति कीर्तन गर्ने तिनीको ठूलो कीर्तिका साथै उत्तम गुण फैलिएका रामदासका छोरा कवि धर्म गुप्तको कीर्ति लोकालोकको बीचमा फैलिरहोस् ।।

(प्रकाशित **रामाङ्कनाटिकाको** मूल भागका ३६६–३६७ पृष्ठ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

केसरपुस्तकालयमा रहेकों, रामाङ्कनाटिकाको पुस्तकमा प्रस्तावनामा जशकीर्त्तिराम[१९] भन्ने पाठ हुँदा हुँदै पनि जसकीर्तिराम भनी छपाएको[१७], रामाङ्कनाटिकाको प्रकाशित पुस्तकमा जशकीर्तिराग पाठ हुँदा हुँदै पनि[१८] त्यस पुस्तकबाट उद्धरण गर्दा जसकीर्तिराज भनी छपाएको[१९] र जुन मानिसको पुरप्रतिष्ठा गर्दा खेलाउन रामाङ्कनाटिका रचिएको थियो, तिनको बारे आफ्नो तर्फबाट लेख्दा जसकीर्तिराज भनी वारंवार लेखेको[२०] कुराको पनि यहाँ चर्चा गर्नुपरेको छ ।

जशकीर्त्तिराम पात्रवंशी होइनन् भन्ने अर्को भ्रम श्रीज्ञानमणि नेपाललाई परेको कुराको पनि यहाँ चर्चा गर्नुपरेको छ ।[२१] रामाङ्कनाटिकाको जुन वाक्यबाट ज्ञानमणिजीले जशकीर्त्तिराम नायक थिए भनेर सिद्ध गर्नुभएको छ; त्यही वाक्यमा परेको, जशकीर्त्तिरामको विशेषण भएर आएको सकलपात्रकुलतिलक[२२] [सबै पात्रवंशीहरूमा श्रेष्ठ] भन्ने शब्द उहाँको आँखामा किन चढेन ?

जशकीर्त्तिरामको नयाँ पुरको प्रतिष्ठाको ठूलो उत्सवको प्रसङ्गमा देशदेशावरबाट आएका सभासद्हरूको अगाडि नाटिका प्रस्तुत गरिन्छ भनी रामाङ्कनाटिकामा लेखिएको छ ।[२३] यहाँ परेको पुर शब्दको अर्थको विषयमा विद्वान्-हरूमा ऐकमत्य नभएकोले यस विषयमा पनि यस प्रसङ्गमा केही लेख्नुपरेको छ ।

---

१६. यही निवन्धको २ सङ्ख्याको पादटिप्पणी ।
१७. महीरावणवध नाटकमा छापिएको ज्ञानमणि नेपालको महीरावणवध नाटकको विवेचनात्मक अध्ययनको १९ परिशिष्ट ।
१८. प्रकाशित रामाङ्कनाटिकाको मूल भागको ३ पृष्ठ ।
१९. महीरावणवध नाटकको विवेचनात्मक अध्ययनको ३२ पृष्ठ ।
२०. धर्मगुप्तले सं. १४१७ मा लेखेको रामाङ्कनाटिका पाटनमा नायक जसकीर्तिराजको नयाँ पुरप्रतिष्ठामहोत्सवमा देखाइएको थियो ।

(उसैको ३३ पृष्ठ)

ने. सं. ५०१ (१४३७) मा पाटनका नायक जसकीर्तिराज (राम)को नयाँ दुर्ग (क्वाठ) प्रवेश गर्ने (घरपैंचो) को उत्सवमा पनि यो देखाइएको थियो ।

(उसैका ६७–६८ पृष्ठ)

अरू उपोद्घात लेख्नेले त नायक जसकीर्तिराजलाई र महापात्र जयसिंहलाई सुद्धा एकै व्यक्ति बनाउने चेष्टा गरेको देखिन्छ ।

तर यो पनि नमिल्दो कल्पनामात्र देखिन्छ । जसकीर्तिराज र जयसिंह एकै व्यक्ति होइनन् भन्ने कुरा सो नाटकको प्रस्तावना र अन्त्यका वाक्य पढ्ने वित्तिकै थाहा हुन्छ, एक नायक थिए, अर्का दक्षिण विहारका महापात्र ।

(उसैको ६९ पृष्ठ)

जसकीर्तिाज (राम)

(महीरावणवध नाटक नामसूची १८० पृष्ठ)

२१. यही निवन्धको २० सङ्ख्याको पादटिप्पणी ।
२२. महीरावणवध नाटकको विवेचनात्मक अध्ययनको १९ परिशिष्ट ।
२३. यही निवन्धको २ सङ्ख्याको पादटिप्पणी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यहाँ आएको पुर शब्दको अर्थ श्रीडिल्लीरमण रेग्मीले प्यालेस् [दरबार] भनी गर्नुभएको छ।[२४] रामाङ्कनाटिकाका सम्पादक गोविन्दप्रसाद भट्टराईले नेपालीमा उल्था गर्दा पुर शब्दको नगर भनी अर्थ गरेका छन्।[२५] जसको नयाँ पुरको प्रतिष्ठाको उत्सवमा खेलाउन भनी यो नाटिका रचिएको थियो, तिनमा ललितपुरका संस्थापक भन्ने विशेषण लाउन सो नाटिकाको विषयमा उदाहार लेख्दा गोविन्दप्रसाद भट्टराई पुगेको कुरा अवश्य मनोरञ्जक छ।[२६] श्रीज्ञानमणि नेपालले भने एक ठाउँमा पुरको अर्थ नगरी पुर शब्द नै राखिदिनुभएको[२७] र अर्को ठाउँमा चाहिँ दुर्ग (क्वाठ)[२८] भनी पुर शब्दको व्याख्या गर्नुभएको कुरा पनि यस प्रसङ्गमा भन्नुपर्छ।

नयाँ शहरको प्रतिष्ठा गर्नु चानचुने कुरा नभएकोले र प्रतिष्ठा गरिएको भनी भनिएको शहर यसभन्दा सयौँ वर्ष-अगाडिदेखि ललितपुर भन्ने नाउँले प्रसिद्ध भइसकेकोले,[२९] पुर शब्दको अर्थ घर पनि भएकोले[३०] र हाम्रो देशमा पनि राजाले बनाएका घरको नाउँमा पुर शब्द जोडी कवीन्द्रपुर, वसन्तपुर आदि नाउँ राखिएको देखिएकोले श्रीडिल्ली-रमण रेग्मीले शासकको घर भएकोले दरबार भनी पुर शब्दको अर्थ गरेको ठीक देखिएको छ।

---

२४. यही निबन्धको १० सङ्ख्याको पादटिप्पणी।

२५. भृङ्गी– (घुमेर हेरी) भगवन्! गणपते! सबै पात्रकुलमा श्रेष्ठ कामिनीलाई मोहन गराउनमा मदन जस्ता सुन्दर नायक जसकीर्तिरागको नयाँ नगरको प्रतिष्ठा–महोत्सवको प्रसङ्गमा नाना दिशाका देशबाट आएका सभासद्हरूको अगाडि नाटिका प्रस्तुत गरिन्छ।

(प्रकाशित रामाङ्कनाटिकाको मूल भागको ३ पृष्ठ)

२६. यही निबन्धको १२ सङ्ख्याको पादटिप्पणी।

२७. यही निबन्धको २० सङ्ख्याको पादटिप्पणी।

२८. उही।

२९. ने. सं. १३२ प्रथमाषाढशुक्लत्रयोदशी [वि. सं. १०६९ आषाढ १३ गते] को पाटन त्यागलटोल गचाननीको शिलालेख (वि. सं. २०३० मा प्रकाशित **पूर्णिमा ३० अङ्कमा** छापिएको, दिनेशराज पन्तको **राजा निर्भयदेव, रुद्रदेव, भोजदेव, लक्ष्मीकामदेव** भन्ने निबन्ध, सो अङ्कका १२१–१२४ पृष्ठ) मा ललितपुर (छन्दोऽनुरोधले लालिताख्य पुर)को उल्लेख आएको छ।

श्रीडिल्लीरमण रेग्मीले पनि यसको चर्चा गर्नुभएको छ–

दि अर्लिएस्ट् नेम् फर् पाटन्, ललितपुर, इज् अभेलएब्ल् फ्रम् द पाटन् इन्स्क्रिप्शन् अफ् रुद्रदेव–भोजदेव, डेटेड् एन्एस् १३२।

(मेड्इईभल् नेपाल्को पहिलो भागको ५११ पृष्ठ)

[पाटनको सबभन्दा पुरानो नाउँ ललितपुर, ने. सं. १३२ को रुद्रदेव–भोजदेवको पाटनको अभिलेखमा पाइएको छ।]

यसको टिप्पणीमा रेग्मीजीले यस अभिलेखलाई अन्पब्लिश्ड् [अप्रकाशित] भनी लेख्नुभएको छ।

यस अभिलेखको अलिकता भाग, वि. सं. २०१५ मा रोमबाट इस्तितुतो इतालियानो पेर इल मेदिओ एद एस्त्रेमो ओरियेन्तेद्वारा प्रकाशित, लूच्यानो पेतेकको **मेड्इईभल् हिस्टरि अफ् नेपाल्** [नेपालको मध्यकालको इतिहास] को ३६ पृष्ठमा छापिएको हो। पछि सम्पूर्ण यो अभिलेख, वि. सं. २०२० मा काठमाडौँबाट संशोधन–मण्डलद्वारा प्रकाशित, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीडिल्लीरमण रेग्मीले **रामाङ्कनाटिका** ने. सं. ५३४ [वि. सं. १४७१] मा बनाइएको हो भनी लेख्नुभएको छ।[३१] यो, उहाँले के आधारमा लेख्नुभएको हो, खुलाउनुभएको छैन। **रामाङ्कनाटिकाको** जुन पुष्पिका उहाँले छपाउनुभएको छ, त्यताबाट **रामाङ्कनाटिकाको** सो प्रति ने. सं. ५०१ [वि. सं. १४३७] मा सारिएको थियो भन्ने बुझिन्छ, ने. सं. ५३४ [वि. सं. १४७१] मा सारिएको हो भन्ने बुझिंदैन।[३२] **रामाङ्कनाटिका** ने. सं. ४८० [वि. सं. १४१७] मा बनाइएको हो भन्ने कुराको स्पष्ट प्रमाण पाइएकोले[३३] रेग्मीजीले अशुद्ध लेख्नुभएको हो भन्ने कुरामा कति पनि शङ्का छैन।

रामाङ्कनाटिका जशकीर्त्तिरामको नयाँ घरको प्रतिष्ठा गर्दा खेलाउन लेखिएको हो भन्ने कुरा मूल नाटकमै भृङ्गीको मुखबाट निकालिएकोले[३४] र **रामाङ्कनाटिका** ने. सं. ४८० [वि. सं. १४१७] मा बनाइएको हो भन्ने कुरा नाटिकाकारले नै लेखेको सो नाटिकाको पुष्पिकामा परेकोले[३५] जशकीर्त्तिरामको नयाँ घरको प्रतिष्ठा त्यहीं समयमा भएको थियो भन्ने कुरामा शङ्का रहँदैन। **रामाङ्कनाटिका** ने. सं. ४८० [वि. सं. १४१७] मा बनेको हो भन्ने कुरा वारंवार लेख्दा लेख्दै[३६] पनि जसकीर्तिराजको घरपैंचो गरिंदा ने. सं. ५०१ [वि. सं. १४३७] मा पनि सो नाटिका देखाइएको

धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको **अभिलेख-संग्रहको** ६ भागका २४-२५ पृष्ठमा छापिएको हो। यसपछि मात्र वि. सं. २०२३ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको **मेड्इईभल् नेपाल्को** तेस्रो भागको पहिलो खण्डको ३ पृष्ठमा छापिएको हो।

यस कारण श्रीडिल्लीरमण रेग्मीले यस अभिलेखलाई अप्रकाशित भनेर अन्याय गर्नुभएको छ।

३०. **अगारे नगरे पुरम् ।।**

(**अमरकोष** ३।३।१८३)

[घर र शहर भन्ने अर्थमा पुर शब्द छ।]

३१. यही निबन्धको १० सङ्ख्याको पादटिप्पणी।

३२. सम्वत्सरम् समद्वि (धि)के शशि सून्यबानै: मासे सितेतरभवे द्वितीया च पौषे ।।
नक्षत्रमेव वरपुष्प तथापि युक्तवारेस्तथा भृगुसुतश्च सर्वधृतिश्च।

(**मेड्इईभल् नेपाल्को** पहिलो भागको ४४८ पृष्ठ)

३३. यही निबन्धको ३ सङ्ख्याको पादटिप्पणी।

३४. यही निबन्धको २ सङ्ख्याको पादटिप्पणी।

३५. यही निबन्धको ३ सङ्ख्याको पादटिप्पणी।

३६. यही निबन्धको १६ सङ्ख्याको पादटिप्पणी।

...सं. १३१७* मा रामाङ्कनाटिका लेख्ने राजगुरु रामदासका छोरा धर्मगुप्तले ...

(**महीरावणवध नाटकको विवेचनात्मक अध्ययनको** ५४ पृष्ठ)

पाटनका बालसरस्वती धर्मगुप्तले ने. सं. ४८० (१४१७) मा रामाङ्कनाटिका बनाएका थिए।

(उसैको ५८ पृष्ठ)

*सं. १४१७ हुनुपर्नेमा भ्रमवश १३१७ हुन गएको हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थियो[३७] भनी श्रीज्ञानमणि नेपालले लेख्नुभएकोले उहाँलाई भ्रम परेको स्पष्ट देखिएको छ ।

❀

गौरीपति पाँडे र पद्मनिधि पाँडेसम्बन्धी ६ वटा अप्रकाशित पत्र

—दिनेशराज पन्त

दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको जीवनी लेख्ने प्रसङ्गमा पूर्णिमाको १२ अङ्कमा छापिएको दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेका परिवार भन्ने आफ्नो लेखमा लक्ष्मीपतिका गौरीपति र पद्मनिधिनाउँका दुइ जना भाइको विषयमा पनि त्यस वेलासम्म पाइएका सामग्रीको आधारमा मैले केही लेखेको थिएँ ।[१] परराष्ट्रमन्त्रालयमा पाइएको, पद्मनिधिसम्बन्धी एउटा पत्र मैले पारिजातको २० अङ्कमा छपाएको थिएँ ।[२] अहिले पूर्णिमाको यस अङ्कमा गौरीपति र पद्मनिधि-सम्बन्धी ६ वटा अप्रकाशित पत्र पाठकहरूको सामुन्ने प्रस्तुत गरेको छु ।

(१ सङ्ख्या)

श्रीपचलिभैरव

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरु-
२. दावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्री-

रामाङ्कनाटिका... ने. सं. ४८० (सं. १४१७)मा रामदासका छोरा धर्मगुप्तले बनाएर आफैले लेखेका पनि थिए ।

(उसैको ६५ पृष्ठ)

सं. १४१७ मा बनेको रामाङ्कनाटिका...

(उसैको ६७ पृष्ठ)

३७. यही निबन्धको २० सङ्ख्याको पाददटिप्पणी ।

१. वि. सं. २०२३ मा प्रकाशित पूर्णिमा १२ अङ्कका ६६–७० पृष्ठ ।

२. वि. सं. २०४० मा तीर्थराज खरेलद्वारा प्रकाशित पारिजात २० अङ्कका ४५–४६ पृष्ठमा छापिएको, श्री ५ गीर्वाणयुद्धविक्रम शाहको वि. सं. १८६२ को अप्रकाशित पत्र भन्ने मेरो निबन्ध ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३. महाराजेरणवहादूरसाहवहादूरसमसेरजंगदेवानाम् स–
४. दा समरविजयिनाम्
५. आगे गौरिपति पाडेके –––– मा पुरश्चरण यज्ञांतमा सम्वत
६. १८५३ साल आश्विनवदि ९ रोज ६ मा संकल्प गरि वषनुडोलको
७. पानिषेत रोपनि पचिस् २५ पाषो डिहि रोपनि पांच ५ कुसबृत्ता ग-
८. रिबक्स्यौं. कुसबृत्ता जानि भोग्य गर. आसिर्वाद दिदैं रहु. तस्का स–
९. धियार थरथोक नारायण प्रोहित विरभद्र षनाल वांका षत्रि म–
१०. हाविर वस्न्यात्. इति सम्वत् १८५५ साल आषाडशुदि १ रोज ६ शुभं

(पछिल्तिर)

रुजु अभिमानसिंह | रुजु नर्सिंह
मार्फत् त्रिभुवन् | रुजु श्यामलाल उपाध्याय
मार्फत् दामोदर पांडे

(२ सङख्या)

श्री ५ महाराजा

१. स्वस्ति श्रीस्वामीज्यूकस्य आज्ञापत्रम्
२. आगे पद्मनिधि पांडेके गौरीपतिका षेत २ बोसनका तिमि–
३. ले पायाका चिचाले तकरार गर्दा आजतक पायाको
४. रहेनछ. लगासमेत १८५६ देषि आलिबालिको भोग्य गर.
५. लायाका टहलमा रुजु रहु. पछि –– का हजुरमा बिं–
६. ति गरी मोहर गराइदिउला. इति संवत् १८५७ साल मिति वैशाखशुदि

(छेउमा)

४ रोज २ शुभं

(३ सङख्या)

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का
२. आगे लक्ष्मीपति पांडेप्रभृति ४ भाइके तत्रा भाई गौरीपति
३. पांडे हरिंदा सर्कार लाग्याको सहर काठमाडौंको बिर्ता घर
४. १ बोसन्को बषंबु बिर्ता षेत २ पुराना सांध सिवानाभर ल–
५. गापात डिही बारी लहना तगादासमेत फोइबक्स्यौं. आफ्ना
६. षातिर्जमासित बिर्ता जानी भोग्य गर. इति संवत् १८६० शा–
७. ल अधिकचैत्रवदि १० रोज ५ मुकाम् कान्तिपुर शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(४ सङ्ख्या)

श्रीसाझिला मुमाज्यू

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का
२. आगे काजि बहादूर भंडारिप्रति – – का शुद्धशांतिका दिन दशदाननिमित्त
३. पद्मनिधि पांडे पंडितलाई संकल्प गरी षेत २ बक्स्याको छ. जगा षटाइ सरहब–
४. मोजिमका डिहिसमेत सांध लाई छुटचाईदेउ. इति संवत् १८६५ साल
५. मिति जेष्ठवदि १३ रोज २ शुभम्

(पछिल्तिर)

मार्फत् श्रीरंगनाथ पंडितराजज्यू

(५ सङ्ख्या)

श्री ५ बुवाज्यू श्रीबालामुमाज्यू

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमा–
२. नोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजगीर्वाणयुद्धविक्रमसाहबहादूरसम्से–
३. रजङ्गदेवानां सदा समरविजयिनाम्
४. आगे पण्डित पद्मनिधि पांडेके सम्वत १८६३ साल मिति ज्येष्टवदि ४ रोज ३ का दिन
५. – – का शुद्धशांतिमा हाम्रा बाहुलीबाट संकल्प भयाका षेतमध्ये षेत मुरि । ५० औ स–
६. म्वत १८६४ साल मिति आषाढवदि ७ रोज ७ का दिन — — का शुद्धशांतिमा हाम्रा बा–
७. हुलीबाट संकल्प भयाका षेतमध्ये षेत २। ज्मा षेत दुइ मुरी पचास २।५० तस्को सरहबमो –
८. जिमको घऱ्याडिसमेत बिर्त्ता बक्स्यौं. तस्मध्ये गजुरीका अम्वलमध्ये तुंदी षोलाका दो–
९. भानमनि मल्याषु ब्यासीको वह्लाटार षेत १।६७ तस्को साध पूर्व रैंकर पाषो कुलाको
१०. सांध लुहकिल दक्षिण रैंकर पाषो र केउन्यानी षोलाको साध लुहकिल पश्चिम् कुलो
११. र रैंकर पाषाको साध लुहकिल उत्तर अलैंच्या षोल्सीको सांध लुहकील औ आव्टा–
१२. र षेत मुरि ।४८ तस्को सांध पूर्व दक्षिण पश्चिम् उत्तर रैंकर टार पाषाको सांध लुहकिल
१३. औ भीमढुंगा षेत मुरी ।५ तस्को सांध पुर्व रैंकर षेत आलीको साध लुहकिल दक्षिण अ–
१४. लैंच्या षोल्सीको सांध लुहकिल पश्चिम मल्याषु षोलाको काह्लाको सांध लुहकिल उ–
१५. त्तर रैंकर षेत कुलाको साध लुहकिल औ सरहबमोजिमको घऱ्याडीमध्ये देउपाटन–
१६. का अम्वलमध्ये बौधटार पाषो रोपनी २ तस्को सांध पूर्व दक्षिण पुडासैंनिको बिर्त्ताको
१७. आली सांध लुहकिल पश्चिम रैंकर आली सांध लुहकिल उत्तर नारायन षनालको
१८. बिर्त्ताको आली साध लुहकिल दफे बौधटार रोपनी ८। तस्को सांध पूर्व रैंकर आ–
१९. लीको सांध लुहकिल दक्षिण नारायन षनालका बिर्त्ताको आली साध लुहकि–
२०. ल पश्चिम रैंकर षेतको आली साध लुहकिल उत्तर रैंकर बाझो सांध लुहकिल
२१. औ रामहिट्टिमध्ये रोपनी २। तस्को सांध पूर्व दक्षिण रैंकर बाझो साध लुहकिल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२२. पश्चिम जीवराम पंडितका बिर्त्ताको साध लुहकिल उत्तरैंकर्पाषाको साध लुहकिल ए–
२३. त्ति सबै सिमानाभित्रको षेत दुइ मुरि पचास घन्याडी पाषो रोपनी साढे बाह्र बिर्त्ता
२४. जानी संतानपर्य्यंत परमसुख भोग्य गर. यो बिर्त्ता संकल्प हुदा संकल्पवाक्य पढ्न्या
२५. पुरोहित यदुनाथ पंडित अर्ज्याल. पानी हाल्न्या काजी भीमसेन थापा साध ला–
२६. उन्या सधियार काशीराम पाडे भवानीशंकर षनाल वीरभद्र बोहरा डगोल काठ–
२७. माडौका इटाषाटोल मजाक्देवलको अंत ब्राह्मणटोलको अंर्तासि किलागलटो–
२८. लको धर्मदेउ मडुटोलको धंत थानाबहाको मट्यां मोहिनायेक हेमंत गजुरी–
२९. का द्वान्या बहाबल थापा जगन्नाथ जैसी सेढाञी तुलाराम जैसी सेढाञी सर्मानन्द ष–
३०. नाल मधु पाडे धिराज गोरि दसरथ सिवाकोटी कवि आले मनिकंठ जैसी चम्पा दमा–
३१. इ कटुवाल वंसीधर पाडे वैजनाथ पंथ सिरोमणि पाठक् श्रीकृष्ण षत्री तल्लो गजुरी–
३२. को द्वान्या प्रेमनारायन जैसी नेउपान्या गुनानिधि पाध्या कडचाल महादेउ पा–
३३. ध्या कडचाल आतमाराम पाध्या विन्या राना जन(?)गाउका श्रीकृष्ण जैसी देउपाट–
३४. नका द्वान्या भलामानीस् टुसालका द्वान्या प्रभाकर पुडासैनी दलषंभ बुढाथो–
३५. की वंस पुरी गोसाञी कहर्रासि कार्कि राधावल्लभ तिमल्सेना मोहीनायेक मठ–
३६. सि . विर्त्तवारले अर्घ्यालो नचापनु . विनातक्सीर जबद नगर्नु . जो एस् बंधेजमा र–
३७. हैन . सो एस् श्लोकमा भन्याको पातकी होला. स्वदत्तां परदत्तां वा यो हरेद्वै वसुं–
३८. धराम्. षष्टिवर्षसहश्राणि विष्टायां जायते क्रिमिः।। इति सम्वत् १८७२ साल मि–
३९. ति माघसुदि १५ रोज ३ शुम्म

(पछिल्तिर)

मार्फत् भीमसेन थापा — मार्फत् समरसेर साह
मार्फत् यदुनाथ पुरोहित — मार्फत् रणध्वज थापा

(६ सङ्ख्या)

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराज–
२. मानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसा–
३. हबहादूरसम्सेरजङ्देवानाम्सदा समरविजयीनाम्
४. आगे सिंधु बस्न्या स्यामलाल उपाध्या लक्ष्मिनारायण उपाध्या देवनारायण
५. उपाध्या पृथ्वीधर उपाध्याले आपना बीर्ता कविलासका अम्बलमध्ये लिषु
६. बेंसिको डिही तस्को सांध पूर्व चह्नौट्या षोलो दक्षिन रैंकरको सांध पश्चीम
७. अचार्जको र रैंकरको सांध उत्तर कुडुल्या षोलो जुडि रुम्टो येति चार किला–
८. भित्रको डिहिमध्ये उपल्लो डिहि रोपनी ८।। औ ठुलो षेत तस्को सांध पूर्व
९. षदालको जफ्तिको आलि दक्षिन जफ्तिको आलि रैंकर पश्चीम अचार्ज–
१०. को जफ्तिको आलि उत्तर कुडल्या षोलो येती किलाभीत्रको षेत रोपनि ती–
११. स् ३० जंम्मा षेत डिहि रोपनि ३८।।. कुस डल्लो गाली पारप्रछिन्न सुक्रि–
१२. बिक्री गरि बेच्या. सहर काठमाडौ केलटोलका उत्तरमनिमा बस्न्या पद्म–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१३. निधि पंडीत पांडेले किन्या. तस्को मोल चांदिका मोहोर रुपैया १८०१ तस्-
१४. को बवस्राउनि येक रोपनिका चार आनाका हिसापले ६।। दुइ आना[1] दसौध रुपै-
१५. या १८० एक आना ।।२ जंमा रुपैया १८६।। तीन आना ।।२ हाम्रा हजूर दाषील भयो. वेचन्या-
१६. को दाम पाको. किंन्याको माटो पाको. आपना षातीरजामासंग बीर्ता जानि
१७. भोग्य गर. इति सम्वत् १८८४ साल मिति माघवदि १२ रोज २ शुभ्म्

(छेउमा)

मार्फत् स्यामकृष्ण

मार्फत् भिम्सिन् थापा

(श्रीनरनाथ पांडे र श्रीगोविन्दनाथ पांडेको सङ्ग्रहमा रहेका यी सकल पत्रका प्रतिलिपि उहांहरूको सौजन्यले मैले लिन पाएको हुं ।)

पद्मनिधि पाँडेले गनेको, वि. सं. १८९६ को सूर्यग्रहण

—दिनेशराज पन्त

पद्मनिधि पांडेले वि. सं. १८९६ फाल्गुनकृष्णअमावास्याको सूर्यग्रहण गनी दरबारमा चढाएको कागत परराष्ट्र-मन्त्रालयमा छ । त्यस कागतको सम्पूर्ण उतार यहां दिइएको छ तापनि साधनको अभावले परिलेख भने दिन सकिएन । पद्मनिधिसहित १५ जना ज्योतिषीको गणनाको तुलना गरिएको कुरा परेको, सोही ग्रहणसम्बन्धी अर्को कागत पनि परराष्ट्रमन्त्रालयमा नै छ । ती कागतबाट पद्मनिधिले एउटै ग्रहणको दुइ थरी समय दिएको कुरा बुझिन्छ । उनले यी दुइ थरी समय कुन कुन ग्रन्थको आधारमा गणना गरी दिएका हुन्, सोचाहिं ती कागतबाट स्पष्ट हुंदैन । ती दुवै कागत पूर्णिमाको यस अङ्कमा प्रकाशित गरिएका छन् ।

(१ सङ्ख्या)

श्रीः

१. श्रीसंवत् १८९६ श्रीशाके १७६१ फाल्गुणकृष्णअमायां बुधे सूर्य-
२. पर्वावलोकनार्थं अमावास्याघटी ७ पला ५३ पूर्वभाद्रघटी ५६ प-
३. ला ११ साध्ययोगघटी ४३ पला १४ तात्कालीनः स्पष्टसूर्यः १०।२२।१५।३८
४. स्पष्टचन्द्रः १०।२१।१।३८ स्पष्टराहुः १०।१४।२८।७ दिनमानं २८।४४

---

१. आनालाई बुझाउने चिनो छापाखानामा नभएकोले आनालाई अक्षरले बुझाइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५. सौम्यगोलीयो विराह्वर्कः ०।७।४७।३१ व्यग्वर्कभुजांशाः ०।७।४७।३१

६. सूर्यबिंबं १०।५५।१६ चन्द्रबिंबं १०।५९।११ सौम्यशरः ग्रासः ८।४४

७. छन्नं ७।११ स्पर्शलंबनं २।२४ मध्यलंबनं १।१६ मोक्षलंबनं १।६ नति-

८. र्दक्षिणा १२।३८ पूर्वभाद्रर्क्षस्य निधनफलम्

९. स्पर्शघटी २।८ मध्यघटी ५।३२ मोक्षघटी ८।५६

१।४१ ४।४४ ८। ९

मे.	वृ.	मि.	क.	सि.	क.	तु.	वृ.	ध.	म.	कु.	मी.
११	१०	९	८	७	६	५	४	३	२	१	१२
लाभः	सुखम्	मानहानिः	निधनं	स्त्रीपीडा	सौख्यं	चिंता	व्यथा	श्रीः	क्षतिः	घातः	व्ययः

कृष्णवर्णः कपिलवर्णश्च

(पछिल्तिर)

पद्मनिधि पांडे

(पछिल्तिर अर्को अक्षरले लेखिएको)

सं. १८९६ सालको श्रीसूर्य्यग्रहणको

(२ सङ्ख्या)

१. स्वस्ति श्रीसम्वत् १८९६ साल मिति फागुनवदि ३० रोज ४ का दिन-

२. को सूर्यग्रहण कुम्भराशिमा

३.	असामी	स्पर्श	मध्य	मोक्ष	स्थिति	स्पर्श हुन्या दिशा	मोक्ष हुन्या दिशा	वर्ण
४.	षरिदार रविदत्त पन्थ	३।३१	६।४५	१०।१५	६।४४	नैहृत्य	ईशान	—
५.	श्रीप्रसाद षर्दार	२। ९	५। ५	८। २	५।५३	नैहृत्य पश्चिम म.	ईशान पूर्व का. म.	कृष्ण
६.	अरविन्द षर्दार	३।१७	६।५५	१०।११	६।५४	नैहृत्य	उत्तर	—
७.	जोतिकर षर्दार	२।२१	५।१४	१०।४८	८।२७	नैहृत्य पश्चि. म.	पूर्व	कृष्ण
८.	सुकदेउ षर्दारका भतिजा	१।३९	४।३६	७।३३	५।५४	पश्चिम	पूर्व आग्नेय म.	—
९.	मित्रशर्म भट्टराइ	३।११		११।१७	३।१०	पश्चिम	पूर्व	—
१०.	विरभद्र षर्दार	१।२५	४।२५	७।३२	६। ७	—	—	—
११.	भादगाउको कालीदास्	१।४४	४।३६	७।२८	५।४४	—	—	—
१२.	पात्रे पांडे	२। ४	५।४५	८।४१	६।३७	उत्तर वायव्य म.	दक्षिण आग्ने. म.	—
१३.	सिरपति जैसी	२।२४	५।२२	८।१०	५।४६	नैहृत्य दक्षिण म.	ईशान उत्तर म.	—
१४.	श्रीनाथ षर्दार	३।४१	६।३१	९।११	५।३०	वायव्य	आग्नेय	—
१५.	रमली मेजर	१।५३	४।३१	७। ९	५।१६	नैहृत्य	ईशान	—

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१६.	पद्मनिधि पांडे	२।८	५।३२	८।५६	६।४८	पश्चिम नैहृत्य म.	इशान	कृष्ण कपिल
१७.	ऐको दोश्रो	१।४१	४।४४	८।६	७।४८	ऐं	ऐं	—
१८.	जंगवीर कार्कि सुबेदार	२।२३	५।१५	८।७	५।४४	नैहृत्य	ईशान	कृष्ण
१९.	श्रीकान्त गोताम्या	३।२	६।४०	९।५६	६।५४	दक्षिण नैहृत्य म.	इशान उत्तर म.	—

(पछिल्तिर)

ग्रहन्को पंजिका

१८९६ सालको श्रीसूर्य्यग्रहणको जोतिषिहरुका मतान्तरको

१८९६ साल श्रीसूर्य्यग्रहणको

(अप्रकाशित यी दुइ कागत परराष्ट्रमन्त्रालयको ८१ सङ्ख्याको खाममा छन् ।)

★

तृतीयाप्रकृति कि तृतीया प्रकृति ?

—महेशराज पन्त

बाह्र वर्षको वनवास सकेपछि पञ्च पाण्डव द्रौपदीसमेत एक वर्षको गुप्तवासको लागि भेष बदलेर विराट राजाको दरबार पसेको कुरा हामी सबैलाई थाहा भएकै कुरा हो । दरबार पस्नको लागि ककसले के के भेष लिएर जाने हो भन्ने कुरा चल्दा अर्जुनले नपुंसकको भेष लिई म दरबार पस्छु भनी भन्दा यस्तो पनि बोलेका थिए भन्ने कुरा महाभारतबाट थाहा पाइन्छ–

प्रतिज्ञां षण्ढकोऽस्मीति करिष्यामि महीपते ।
ज्याघातौ हि महान्तौ मे संवर्तुं नृप दुष्करौ ।।
वलयैश्छादयिष्यामि बाहू किणकृताविमौ ।
कर्णयोः प्रतिमुच्याहं कुण्डले ज्वलनप्रभे ।।
पिनद्धकम्बुः पाणिभ्यां तृतीयां प्रकृतिं गतः ।
वेणीकृतशिरा राजन्नाम्ना चैव बृहन्नला ।।
पठन्नाख्यायिकाश्चैव स्त्रीभावेन पुनः पुनः ।
रमयिष्ये महीपालमन्यांश्चान्तःपुरे जनान् ।।[1]

---

१. महाभारत ४।२।२५–२८।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[सरकार, षण्ढक [नपुंसक] हुँ भनी म कबूल गरूँला । मेरा, ताँदाका ठूलठूला ठेला भने छोप्न गाह्रा छन् ।
ठेला परेका यी दुवै हात वालाले छोपुँला । आगो जस्ता चहकिला कुण्डल दुवै कानमा लाएर दुवै हातमा टम्म वाला लाएको, तृतीया प्रकृति [नपुंसक], चुल्ठो पारेको, नाउंले पनि वृहन्नला म, स्वास्नीमान्छेको हाउभाउले बराबर आख्यायिका पढ्दै रनिवासमा राजा र अरू मान्छेहरूलाई रमाइलो गराउँला ।]

पेट बोकेकी स्वास्नीमान्छेको कस्तो लक्षण भयो भने छोरी, कस्तो लक्षण भयो भने छोरो र कस्तो लक्षण भयो भने नपुंसक जन्मछ भन्ने कुराको सिलसिलामा चरकसंहितामा यस्तो एउटा श्लोक पनि आएको छ–

पुत्रं त्वतो लिङ्गविपर्ययेण व्यामिश्रलिङ्गा प्रकृतिं तृतीयाम् ।
गर्भोपपत्तौ तु मनः स्त्रिया यं जन्तुं व्रजेत्तत्सदृशं प्रसूते ।।[२]

[यसको उल्टो लक्षण भएमाचाहिँ छोरो पाउँछे । लक्षण छयासमिस भएकीले तृतीया प्रकृति [नपुंसक] पाउँछे । गर्भ रहँदा स्वास्नीमान्छेको मन जुन प्राणीमा जान्छ, त्यो जस्तै (सन्तान, उसले) पाउँछे ।]

शैल,[३] आयुध, मङ्गल, नगर, बिम्ब र मुकुट शब्द नपुंसकलिङ्गी हुन् भनी बुझाउन वररुचिको लिङ्गसूत्रमा यस्तो लेखिएको छ–

[वि. सं. १९३३ मा मुम्बईबाट गणपत कृष्णाजीको छापाखानाद्वारा प्रकाशित, नीलकण्ठको **भारतभावदीप** टीकासहितको **महाभारत** विराटपर्वको २ ख पत्र । त्यहाँ सबै पद जोडेर छापिएकोमा यहाँ जोड्नुपर्नेमा जोडिएका र छुट्ट्याउनुपर्नेमा छुट्ट्याइएका छन् । त्यस्तै त्यहाँ अनुस्वार छापिएकोमा एकै पदमा परसवर्णको नियमले सच्याइएको छ ।

२. चरकसंहिता ४।२।२५।

३. नपुंसकलिङ्गी शैल शब्दको अर्थ शिलाजित वा रसाञ्जन हुन्छ भन्ने कुरा कोषहरूबाट बुझिन्छ–

शैलो भूभृति शैलं तु शैलेये तार्क्ष्यशैलके ।

(विश्वप्रकाश लान्तवर्ग २४ श्लोक । अनेकार्थसङ्ग्रह २।५१८। मेदिनीकोष लान्तवर्ग ५४ श्लोक)

[वि. सं. १९६८ मा बनारसबाट चौखम्बा संस्कृत बुक डिपोद्वारा प्रकाशित, शीलस्कन्ध स्थविर र रत्नगोपाल भट्टको **विश्वप्रकाशः । नाम शब्दकोषः । विद्वद्वर श्रीमहेश्वरसूरिणाप्रणीतः** [विद्वान्हरूमा श्रेष्ठ श्रीमहेश्वर सूरिले बनाएको विश्वप्रकाश भन्ने शब्दकोष] को १५० पृष्ठ । यहाँ शैलन्तु छापिएको छ ।

वि. सं. २०२६ मा वाराणसीबाट चौखम्बा संस्कृत सीरिज़ आफिसद्वारा प्रकाशित, जगन्नाथ शास्त्री होशिङ्ग, घनानन्द पाण्डेय र जनार्दन ज्योतिर्विद्को **श्रीहेमचन्द्राचार्यविरचितः अनेकार्थसंग्रहो नाम कोशः** [श्रीहेमचन्द्राचार्यले बनाएको अनेकार्थसंग्रह भन्ने कोश] को दोस्रो संस्करणको ४२ पृष्ठ ।

वि. सं. २०२४ मा वाराणसीबाट चौखम्बा संस्कृत सीरिज आफिसद्वारा प्रकाशित, जगन्नाथ शास्त्री होशिङ्गको **नानार्थशब्दकोशापरपर्यायो मेदिनीकोशः श्रीमेदिनिकरनिर्मितः** [श्रीमेदिनिकरले बनाएको नानार्थशब्दकोश भन्ने अर्को नाउँ भएको मेदिनीकोश] को तेस्रो संस्करणको १४६ पृष्ठ ।]

[शैलः भूभृत् [पहाड] भन्ने अर्थमा छ, शैलं चाहिँ शैलेय [शिलाजित] भन्ने अर्थमा र तार्क्ष्यशैलक [रसाञ्जन] भन्ने अर्थमा छ ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शैलायुधमङ्गलनगरबिम्बमुकुटानि विद्धि तृतीयाप्रकृतौ ।[४]

[शैल, आयुध, मङ्गल, नगर, बिम्ब र मुकुट तृतीयाप्रकृति [नपुंसकलिङ्ग] मा[५] छन् भनीकन जान ।]

स्त्रीपुरुषको सम्पर्कबाट हुने आनन्दको विषयमा लेख्दै जाने क्रममा वात्स्यायनकामसूत्रमा यस्तो एउटा श्लोक पनि आएको छ–

प्रकृतेर्या तृतीयस्याः स्त्रियाश्चैवोपरिष्टके ।
तेषु तेषु च विज्ञेया चुम्बनादिषु कर्मसु ।।[६]

[औपरिष्टक [लिङ्ग चुस्ने काम] मा तृतीया प्रकृति [स्वास्नीमान्छे वा लोग्नेमान्छेको चिह्न भएको नपुंसक] र स्वास्नीमान्छेलाई जुन आनन्द आउँछ; त्यो, म्वाइँ खाने आदि काममा पनि हुन्छ भनीकन बुझ्नुपर्छ ।]

अक्षत शब्दको अर्थ दिँदा विश्वप्रकाशमा यस्तो लेखिएको छ–

---

४. वररुचिको लिङ्गसूत्र मैले देखेको छैन । सर्वानन्दले बनाएको, अमरकोषको टीका टीकासर्वस्वमा अमरकोषको २।६।३९ मा परेको तृतीयाप्रकृति शब्दको व्याख्या गर्दा

तथा च वररुचिलिङ्गसूत्रं

[वररुचिको लिङ्गसूत्रमा पनि त्यस्तै छ ।]

भनेर माथिको सूत्र दिइएको छ ।

[वि. सं. १९७२ मा अनन्तशयनबाट राजकीय मुद्रणयन्त्रालयद्वारा प्रकाशित, त. गणपति शास्त्रीको श्रीमदमरसिंहविरचितं नामलिङ्गानुशासनं, क्षीरस्वामिप्रणीतया अमरकोशोद्घाटनाख्यया व्याख्यया वन्द्यघटीयश्रीसर्वानन्दप्रणीतया टीकासर्वस्वाख्यया व्याख्यया च समेतं [क्षीरस्वामीले बनाएको अमरकोशोद्घाटन भन्ने व्याख्याले र वन्द्यघटीय श्रीसर्वानन्दले बनाएको टीकासर्वस्व भन्ने व्याख्याले सहित भएको, श्रीमान् अमरसिंहले बनाएको नामलिङ्गानुशासन] को दोस्रो भागको २९४ पृष्ठ ।]

५. तृतीयाप्रकृति शब्दले नपुंसकलिङ्गलाई बुझाए जस्तै प्रथमाप्रकृति शब्दले स्त्रीलिङ्गलाई बुझाएको देखिएको छ–

तृतीयाप्रकृतिपञ्चकं नपुंसके । तृतीयाप्रकृतिः तृतीयः प्रकार इत्यर्थः । समानजातीयौ स्त्रीपुंसावपेक्ष्य प्रथमा प्रकृतिः स्त्री । द्वितीया प्रकृतिः पुमान् । तथा च वररुचिप्रयोगः–

"घटाजटासटानां प्रथमा प्रकृतिः शिफानां च"

इति ।

(अमरकोष २।६।३९ मा टीकासर्वस्व । गणपति शास्त्रीको पूर्वोक्त ग्रन्थको २९४ पृष्ठ)

[नपुंसकलाई बुझाउने पाँचवटा शब्द छन् । तिनमा तृतीयाप्रकृति पहिलो हो । तृतीयाप्रकृति यसको अर्थ तेस्रो किसिम भन्ने हो । समानजातीय स्वास्नीमान्छे र लोग्नेमान्छे ख्याल राखेर स्वास्नीमान्छे प्रथमा प्रकृति हुन्छ । लोग्नेमान्छे द्वितीया प्रकृति हुन्छ । वररुचिको प्रयोग पनि त्यस्तै छ–
घटा, जटा, सटाको र शिफाहरूको प्रथमा प्रकृति [स्त्रीलिङ्ग] हुन्छ ।]

६. वात्स्यायनकामसूत्र २।१।७१+४।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अक्षतञ्चापि लाजेषु तृतीयाप्रकृतावपि ।[७]

[अक्षतं भिजाएको चामल भन्ने अर्थमा र तृतीयाप्रकृति [नपुंसक] भन्ने अर्थमा छ ।]

षण्ढ शब्दको नानार्थ दिंदा मेदिनीकोषमा यस्तो लेखिएको छ–

षण्ढः स्यात्पुंसि गोपतौ ॥

आकृष्टाण्डे वर्षवरे तृतीयाप्रकृतावपि ।[८]

[पुंलिङ्गमा रहेको षण्ढ शब्द सांढे भन्ने अर्थमा, अण्डकोष झिकिएको नपुंसक भन्ने अर्थमा र तृतीयाप्रकृति [नपुंसक][९] भन्ने अर्थमा पनि छ ।]

प्राचीन ग्रन्थहरूबाट माथि दिइएका ६ वटै उद्धरणमा **तृतीयाप्रकृति** शब्द परेको छ तापनि त्यो शब्द कहीं समस्त-पदको रूपमा, कहीं व्यस्तपदको रूपमा लेखिएको देखिएको छ ।

लिङ्गसूत्रमा, विश्वप्रकाशमा र मेदिनीकोषमा तृतीयाप्रकृतौ रूप भेट्टाइएकोले वररुचि, महेश्वर र मेदिनिकरले **तृतीया-प्रकृति** शब्दलाई समस्तपदको रूपमा प्रयोग गरेका छन् भनेर निर्धक्कसँग भन्न सकिन्छ । किनभने **तृतीयाप्रकृति** यी ग्रन्थमा समस्तपद नभई व्यस्तपद भएको भए सप्तमीको एकवचनमा **तृतीयाप्रकृतौ** नभई **तृतीयायां प्रकृतौ** वा **तृतीयस्यां प्रकृतौ** भन्ने रूप हुन्थ्यो ।

महाभारतमा र चरकसंहितामा तृतीयां प्रकृतिं र कामसूत्रमा तृतीयस्याः प्रकृतेः रूप भेट्टाइएकाले **महाभारत, चरक-संहिता र कामसूत्र** जजसले लेखे, तिनीहरुले **तृतीयाप्रकृति** शब्दलाई व्यस्त पदको रूपमा प्रयोग गरेका छन् भनी निर्धक्क-संग भन्न सकिन्छ । किनभने **तृतीयाप्रकृति** यी ग्रन्थमा व्यस्तपद नभई समस्तपद भएको भए द्वितीयाको एकवचनमा **तृतीयां प्रकृतिं** नभई **तृतीयाप्रकृतिं** र षष्ठीको एकवचनमा **तृतीयस्याः प्रकृतेः** नभई **तृतीयाप्रकृतेः** रूप हुन्थे ।

वैयाकरण र कोषकारहरुले **तृतीयाप्रकृति** शब्द समस्तपदको रूपमा र अरू ग्रन्थकारहरूले यही शब्द व्यस्तपदको रूपमा लेखेको देखिनाले यो संयोग मात्र परेको हो कि यसको कुनै अर्थ छ भन्ने पनि यस विषयमा चाखलाग्ने कुरा भएको छ ।

भारतीय नाट्यशास्त्रमा पनि **तृतीयाप्रकृति** शब्द आएको छ । तर त्यहाँ त्यो शब्द समस्तपद हो कि व्यस्तपद हो भनी खुट्टचाउन सकिंदैन । किनभने त्यहाँ

---

७. **विश्वप्रकाश** तान्तवर्ग ७४ श्लोक, ६२ पृष्ठ ।

८. **मेदिनीकोष** ढान्तवर्ग ४–५ श्लोक ।

९. **तृतीयाप्रकृति** शब्दको सूक्ष्म अर्थ स्वास्नीमान्छे वा लोग्नेमान्छेको चिह्न भएको नपुंसक हो (वि. सं. २०४२ मा प्रकाशित **पूर्णिमा**को ६७ अङ्कमा छापिएको, महेशराज पन्तको **दरबारका भित्री लङमा टहल गर्ने थरी-थरीका नपुंसकको विषयमा** भन्ने निबन्ध, सो अङ्कका ८–९ पृष्ठ) तापनि गोलबोलीमा भन्नुपर्दा सबै प्रकारका नपुंसकलाई यस शब्दले बुझाएको देखिएकोले (**पूर्णिमा** ६७ अङ्कका ४–७ पृष्ठ) **मेदिनीकोष**को उपर्युक्त श्लोकमा आएको **तृतीयाप्रकृति** शब्द गोलबोलीमा नपुंसकको अर्थमा आएको हुनु बढी सम्भव छ । यस कारण **मेदिनीकोष**को सो श्लोकको अर्थ गर्दा स्वास्नीमान्छे वा लोग्नेमान्छेको चिह्न भएको नपुंसक (वि. सं. २०४२ मा प्रकाशित **पूर्णिमा**को ६६ अङ्कमा छापिएको, महेशराज पन्तको **लिच्छविकालको एउटा अभिलेखमा परेको किरातवर्षधर भन्ने शब्दको विषयमा** भन्ने निबन्ध, सो अङ्कको ९ पृष्ठ) भनी **तृतीयाप्रकृति** शब्दको अर्थ गर्नुभन्दा नपुंसक मात्र भनी अर्थ गर्नु बढी राम्रो देखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तृतीया प्रकृतिस्तु या ।

भन्ने लेखिएकोले यसलाई समस्तपद मानेर जोडे पनि व्यस्तपद मानेर छुट्टयाए पनि केही फरक पर्दैन ।

पुराना लेखोट पुस्तकमा अहिलेको जस्तो मिलेसम्म पद छुट्टयाएर लेख्ने चलन नभई कि हरेक अक्षर भिन्नाभिन्नै लेख्ने कि एकनासले जोडेर लेख्ने चलन भएकोले नाटयशास्त्रका लेखोट पुस्तक हेरे पनि त्यहाँ तृतीया प्रकृतिलाई समस्तपद मानिएको छ कि व्यस्तपद मानिएको छ भन्ने कुरा खुल्दैन ।

तृतीया प्रकृति शब्द परेका, भारतीय नाटयशास्त्रका मैले देखेका तीनै थरी संस्करणमा तृतीया प्रकृति लेखिएकोले नाटयशास्त्रका तीनै थरी सम्पादकहरूले यस शब्दलाई व्यस्तपद्र मानेकोमा शङ्का छैन ।[१०] अरू अरू ग्रन्थमा यो शब्द समस्त व्यस्त दुवै पदको रूपमा लेखिएको देखिएकोले नाटयशास्त्रका सम्पादकहरूले तृतीया र प्रकृतिलाई छुट्टयाएर भिन्नाभिन्नै लेखेको बेठीक हो भनेर भन्न सकिँदैन ।

❁

चरकसंहितामा परेको नारिषण्ड भन्ने रूपको विषयमा

—महेशराज पन्त

नपुंसकका भेद वताउने प्रसङ्गमा चरकसंहितामा यस्तो एउटा श्लोक पनि आएको छ–

कस्माद्द्विरेताः पवनेन्द्रियो वा संस्कारवाही नरनारिषण्डौ ।

---

१०. यत्स्यान्नपुंसकं नाम तृतीया प्रकृतिस्तु या ।

(वि. सं. १९५१ मा मुम्बईबाट निर्णयसागर प्रेसद्वारा प्रकाशित, शिवदत्त र काशीनाथ पाण्डुरङ्ग परबको द नाटयशास्त्र अफ् भरत मुनि [भरत मुनिको नाटयशास्त्र] को २४।५०)

या सा नपुंसका नाम तृतीया प्रकृतिः स्मृता ।

(वि. सं. १९८५ मा बनारसबाट चौखम्बा संस्कृत सीरिज आफिसद्वारा प्रकाशित, बटुकनाथ शर्मा र बलदेव उपाध्यायको श्रीभरतमुनिप्रणीतं नाटयशास्त्रम् [श्रीभरतमुनिले बनाएको नाटयशास्त्र] को ३४।६१)

यत्स्यान्नपुंसकं नाम तृतीया प्रकृतिः स्मृताः ।।

(वि. सं. २०१३ मा कलकत्ताबाट एशियाटिक सोसाइटीद्वारा प्रकाशित, मनोमोहन घोषको द नाटयशास्त्र अस्क्राइब्ड् टु भरत–मुनि [भरतमुनिको भनी ठानिएको नाटयशास्त्र] को दोस्रो भागको ३४।७०)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वक्री तथेर्ष्याभिरतिः कथं वा संजायते वातिकषण्डको वा ।।[१]

यस श्लोकमा परेको **नरनारिषण्डौ** यस समस्तपदमा ङ्यन्त नारी शब्द ह्रस्व लेखिएको छ। नारी शब्दलाई दीर्घ पढ्ने हो भने इन्द्रवज्रा वृत्तमा लेखिएको यस पद्यको छन्दोभङ्ग हुन जाने कुरा यहाँ भनिरहनुपर्दैन । यस कारण नारी शब्द यहाँ कसरी ह्रस्व हुन गयो भन्ने कुरामा विचार गर्न यो निबन्ध तयार गरिएको छ।

चरकका प्रसिद्ध टीकाकार चक्रपाणिले **नरनारिषण्डौ** यस समस्तपदको अन्तमा रहेको षण्ड पदलाई नर र नारि दुवैसँग अभिसम्बन्ध गरी

नरषण्डो नारिषण्डश्च नरनारिषण्डौ ।[२]

[नरषण्ड र नारिषण्ड= नरनारिषण्डौ ।]

लेखी यस समस्तपदको विग्रह मात्र गरेका छन्, नारिषण्डको साधुत्वको विषयमा केही लेखेका छैनन् । तर चक्रपाणिले विग्रह गर्दा **नारीषण्ड** नलेखी **नारिषण्ड** नै लेखेकाले उनले **नारिषण्ड** शब्दलाई शुद्ध ठहऱ्याएको देखिन्छ ।

चरकका आधुनिक व्याख्याता योगीन्द्रनाथ सेनले

कस्मात् नरनारिषण्डौ नरनारीषण्डौ नरषण्डः नारीषण्डश्च संजायेते ? ...तदा नरनारिषण्डौ नरनारीषण्डौ भवतः। ह्रस्वच्छान्दसः।...[३]

[नरनारिषण्डौ = नरनारीषण्डौ = नरषण्ड र नारीषण्ड कसरी जन्मन्छन् ? त्यस अवस्थामा नरनारिषण्डौ = नरनारीषण्डौ [लोग्नेमान्छे नपुंसक र स्वास्नीमान्छे नपुंसक] हुन्छन् । ह्रस्व वैदिक हो ।]

---

१. चरकसंहिता ४।२।१६। यस श्लोकको उल्था वि. सं. २०४२ मा प्रकाशित **पूर्णिमा**को ६७ अङ्कमा छापिएको, महेशराज पन्तको **दरबारका भित्री लङमा टहल गर्ने थरीथरीका नपुंसकको विषयमा** भन्ने निबन्धमा [११ पृष्ठमा] छापिएको छ।

२. वि. सं. १९९७ मा लाहौरबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, हरिदत्त शास्त्रीको **महर्षिपुनर्वसुशिष्येण ऋषिवरेण अग्निवेशेन प्रणीता महामुनिना चरकेण कापिलबलेन दृढबलेन च प्रतिसंस्कृता चरकसंहिता महामहोपाध्यायचरकचतुराननश्रीचक्रपाणिदत्तविरचितया आयुर्वेददीपिकाव्याख्यया (तथा चिकित्सास्थानतः सिद्धिस्थानं यावत्) श्री वाग्भटशिष्याऽऽचार्यवरजज्जटविरचितया निरन्तरपदव्याख्यया च संवलिता** [महामहोपाध्याय चरकचतुरानन श्रीचक्रपाणिदत्तले बनाएको आयुर्वेददीपिकाव्याख्याले (र चिकित्सा-स्थानदेखि सिद्धिस्थानसम्म) श्रीवाग्भटका चेला, आचार्यहरूमा श्रेष्ठ जज्जटले बनाएको निरन्तरपदव्याख्याले युक्त भएको; ठूला ऋषि पुनर्वसुका चेला, ऋषिहरूमा श्रेष्ठ अग्निवेशले बनाएको; ठूला मुनि चरकले, कापिलबलले र दृढबलले प्रतिसंस्कार गरेको चरकसंहिता] को पहिलो भागको ६३७ पृष्ठ ।

३. वि. सं. १९७९ मा कलकत्ताबाट जे. एन्. सेनद्वारा प्रकाशित, योगीन्द्रनाथ सेनको **चरकसंहिता...चरकोपस्कार-समाख्यया व्याख्यया समन्विता** [चरकोपस्कार भन्ने व्याख्याले सहित भएको चरकसंहिता] को दोस्रो भाग, ११७९, ११८० पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भनी लेखेकाले उनले नारिलाई वैदिक प्रयोग ठह-याएको देखिन्छ । चक्रपाणिले विग्रह गर्दा पनि नारिषण्ड लेखेकोमा योगीन्द्रनाथ सेनले नरनारिषण्डौको व्याख्या गर्दा आफ्नो तर्फबाट नरनारीषण्डौ लेखेकाले लोकमा नरनारीषण्डौ नै हुनुपर्छ भन्ने उनको भाव झल्कन गएको छ ।

नरनारिषण्डौ यो पद दुइ पटक समास भई बनेको छ । पहिलो पटक द्वन्द्वसमास र अर्को पटक द्वन्द्वसमास भई बनेको समस्तपद र षण्डको कर्मधारयसमास । यस समस्तपदले लोग्नेमान्छे नपुंसक र स्वास्नीमान्छे नपुंसकलाई बुझाएको हुनाले चक्रपाणिले गरे जस्तै षण्ड शब्दको नर र नारि दुवैसँग अभिसम्बन्ध गरी विग्रह गर्दा नरषण्ड र नारिषण्ड रूप देखा पर्न आउँछन् ।

नारी शब्द ङचन्त भएकोले नारी र षण्डको समास भई बन्ने रूप सामान्यतः नारीषण्ड हुने कुरामा कुनै शङ्का छैन ।[४] तर चरकमा ह्रस्व लेखिएको र चक्रपाणिले पनि नारिषण्ड नै लेखेकाले यस विषयमा बढी गढेर विचार गर्नुपर्छ जस्तो मलाई लागेको छ ।

समस्तपदमा उत्तरपदको कारणले पूर्वपद ह्रस्व हुने कुरा अष्टाध्यायीमा एक ठाउँमा खुलाइएको छ ।[५] त्यस ठाउँको एउटा सूत्र हामीलाई काम लाग्ने भएकोले काशिकावृत्तिसहित त्यो यहाँ सार्नुपरेको छ–

ङ्यापोः संज्ञाछन्दसोर्बहुलम् ६।३।६३

ङ्यन्तस्याबन्तस्य च सञ्ज्ञाछन्दसोः बहुलं ह्रस्वो भवति । ङ्यन्तस्य सञ्ज्ञायाम्–रेवतिपुत्रः । रोहिणिपुत्रः । भरणिपुत्रः । न च भवति । नान्दीकरः । नान्दी-घोषः । नान्दीविशालः । ङ्यन्तस्य छन्दसि–'कुमारिदा प्रर्फाविदा ।' (काठ. ३९.९) । न च भवति । फाल्गुनीपौर्णमासी । जगतीछन्दः । आबन्तस्य सञ्ज्ञायाम्–शिलवहम् । शिलप्रस्थम् । न च भवति । लोमकागृहम् । लोमकाष-ण्डम् । आबन्तस्य छन्दसि–अजक्षीरेण जुहोति । 'ऊर्णम्रदाः पृथिवी दक्षिणावत' (अ. १८.३.४९)। न च भवति ।। 'ऊर्णासूत्रेण कवयो वयन्ति' (वा. सं. १९. ६८०) ।।[६]

---

४. **हृष्टश्भृङ्गी भवेद्दंशे नारीषण्डे वृकोदरे ।।**

(विश्वप्रकाश नान्तवर्ग २२० श्लोक)

[वि. सं. १९६८ मा बनारसबाट चौखम्बा संस्कृत बुक डिपोद्वारा प्रकाशित, शीलस्कन्ध स्थविर र रत्नगोपाल भट्टको विश्वप्रकाशः। नाम शब्दकोषः । विद्वद्वर श्रीमहेश्वरसूरिणाप्रणीतः [विद्वान्हरूमा श्रेष्ठ श्रीमहेश्वर सूरिले बनाएको विश्वप्रकाश भन्ने शब्दकोष] को १०३ पृष्ठ ।]

५. अष्टाध्यायी ६।२।६२–६।२।६६।

६. वि. सं. २०२६–२०२७ मा हैदराबादबाट उस्मानियाविश्वविद्यालयको संस्कृतपरिषद्द्वारा प्रकाशित, आर्येन्द्र शर्मा, खण्डेराव देशपाण्डे र द. गो. पाध्येको काशिकाको ७१४ पृष्ठ । त्यहाँ वैदिक उदाहरणमा स्वरचिह्न भएकोमा यहाँ त्यस्ता चिह्न छापाखानामा नभएकाले दिइएका छैनन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[ङी अन्तमा भएको र आप् अन्तमा भएको शब्दको संज्ञा [रूढ नाउँ] र छन्द [वेद] मा बाहुलकले ह्रस्व हुन्छ ।

ङी अन्तमा भएकोको संज्ञामा–

रेवतिपुत्रः । रोहिणिपुत्रः । भरणिपुत्रः । (यहाँ रेवतीको, रोहिणीको र भरणीको ह्रस्व भएको छ ।)

नान्दीकरः । नान्दीघोषः । नान्दीविशालः । यहाँ भने हुँदैन । (यहाँ नान्दीको ह्रस्व भएको छैन ।)

ङी अन्तमा भएकोको वेदमा–

कुमारिदा प्रफर्विदा (काठकसंहिता ३६।६) । (यहाँ कुमारीको र प्रफर्वीको ह्रस्व भएको छ ।)

फाल्गुनीपौर्णमासी । जगतीछन्दः । यहाँ भने हुँदैन (यहाँ फाल्गुनीको र जगतीको ह्रस्व भएको छैन) ।

आप् अन्तमा भएकोको संज्ञामा–

शिलवहम् । शिलप्रस्थम् । (यहाँ शिलाको ह्रस्व भएको छ ।)

लोमकागृहम् । (लोमकाषण्डम् । यहाँ भने हुँदैन । (यहाँ लोमकाको ह्रस्व भएको छैन ।)

आप् अन्तमा भएकोको वेदमा–

अजक्षीरेण जुहोति । ऊर्णम्रदाः पृथिवी दक्षिणावत । (अथर्वसंहिता १८।३।४९) । यहाँ अजाको र ऊर्णाको ह्रस्व भएको छ ।)

ऊर्णासूत्रेण कवयो वयन्ति (वाजसनेयिसंहिता १९।८०) । यहाँ भने हुँदैन । (यहाँ ऊर्णा ह्रस्व भएको छैन ।)]

समस्तपदमा भएको ङ्यन्त र आबन्त शब्दको लोकमा संज्ञा बुझिएको खण्डमा, वेदमा चाहिँ अन्यत्र बाहुलकले ह्रस्व हुने कुरा पाणिनिको यस सूत्रबाट बुझिएको छ । काशिकावृत्तिमा उदाहरण प्रत्युदाहरण दिई यस नियमको व्याख्या गरिएकोले यस सूत्रको अर्थ हाम्रो मनमा छर्लङ्ग भएको छ ।

समस्तपदमा भएको ङ्यन्त शब्द संज्ञामा ह्रस्व भएको उदाहरणको रूपमा संस्कृतका प्रसिद्ध कवि कालिदासलाई अघि सार्न सकिन्छ । यसको थप उदाहरणको रूपमा मेदिनीकोष भन्ने नाउँले प्रसिद्ध भएको नानार्थशब्दकोषका कर्ता मेदिनिकरलाई औंल्याउन सकिन्छ ।

व्याकरणबाट साधारण रूपले सिद्ध नहुने पदको साधुत्व देखाउनको लागि शरणदेवले लेखेको दुर्घटवृत्तिबाट पनि हामीलाई परेको यस चासोमा केही मदत मिल्छ । यस कारण दुर्घटवृत्तिको सम्बद्ध अंश यहाँ उतार्नुपरेको छ–

ङ्यापोः संज्ञाच्छन्दसोर्बहुलम् ।६३

कथं 'वैदहिबन्धोर्हृदयं विदद्रे' इति रघुः, असंज्ञात्वात् । उच्यते बहुलवचनादसंज्ञायामपि । अत एव 'प्रमदवनमन्तःपुरोचितमि'त्यमरः । अथवा प्रमदार्थं वनं प्रमदवनं । यदा तु प्रमदाया वनमिति समासस्तदा 'प्रविष्टः प्रमदावनमि'ति भट्टिः ।।[७]

---

७. वि. सं. १९६६ मा अनन्तशयनबाट राजकीयमुद्रणयन्त्रालयद्वारा प्रकाशित, त. गणपतिशास्त्रीको श्रीशरणदेवविरचिता दुर्घटवृत्तिः [श्रीशरणदेवले बनाएको दुर्घटवृत्ति] का ९९–१०० पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[वैदेहिबन्धोर्हृदयं विददे्र भनी रघुवंशमा कसरी लेखियो ? असंज्ञा [संज्ञा नहुनु] भएकोले । वहुल भनेकोले असंज्ञामा पनि (ह्रस्व हुन्छ) । यसै कारणले प्रमदवनमन्तःपुरोचितम् भनी अमरले लेखेका हुन् । अथवा प्रमद [आनन्द]को लागिको वन प्रमदवन । जब प्रमदा [स्वास्नीमान्छे] को वन भन्ने समास हुन्छ, त्यस बेला (प्रमदावन हुन्छ) । प्रविष्टः प्रमदावनम् भनी भट्टिले लेखेका छन् ।]

पाणिनिले बहुलग्रहण गरेकाले असंज्ञामा पनि ह्रस्व हुन्छ भनी शरणदेवले यहाँ लेखेका छन् । कालिदासले प्रयोग गरेको वैदेहिबन्धु शब्दलाई त्यसको उदाहरणको रूपमा उनले अघि सारेका छन् । शरणदेवले औंल्याएको, रघुवंश-को सो श्लोक समग्र रूपमा यस प्रकारको छ–

कलत्रनिन्दागुरुणा किलैवमभ्याहतं कीर्तिविपर्ययेण ।
अयोघनेनाय इवाभितप्तं वैदेहिबन्धोर्हृदयं विददे्र ।।[८]

[यसरी स्वास्नीको निन्दाले झन् ठूलो भएको अपजसले गर्दा वैदेहिबन्धु [विदेह देशमा जन्मेकी [सीता] का नातेदार = राम]को हृदय फलामको घनले पिटिएको तातो फलाम जस्तै लल्याकलुत्तुक भयो ।]

रामको ज्ञापन गर्न यहाँ प्रयोग गरिएको वैदेहिबन्धु शब्दलाई शरणदेवले संज्ञा नमाने पनि प्रसिद्ध टीकाकार मल्लि-नाथले चाहिँ यसलाई कालिदास जस्तै संज्ञा मानेको कुरा उनको तलको वाक्यबाट स्पष्ट हुन्छ–

वैदेहिबन्धोर्वैदेहिबल्लभस्य । ङ्यापोः संज्ञाछन्दसोर्बहुलमिति ह्रस्वः । कालिदास इतिवत् ।[९]

[वैदेहिबन्धोः = वैदेहीका प्याराको । ङ्यापोः संज्ञाछन्दसोर्बहुलम् यस्तो भनेकोले ह्रस्व भएको हो। कालिदास भएको जस्तै ।]

अमरकोषमा भएको प्रमदवन शब्दलाई असंज्ञामा भएको ह्रस्वको थप उदाहरणको रूपमा शरणदेवले देखाएको कुरा पनि उनका माथि उद्धरण गरिएका वाक्यबाट नै बुझिन्छ । तर वैदेहिबन्धु शब्दलाई असंज्ञामा भएको ह्रस्व हो भनी ठोकेर भन्ने शरणदेव प्रमदवनको अर्थ गर्न बस्दा धरमराएको कुरा उनका तिनै वाक्यबाट बुझिएको छ । भट्टिले प्रमदवन नलेखी प्रमदावन लेखेकाले प्रमदवन भनेको प्रमदार्थं वनम् [आनन्दको लागिको बगैंचा] र प्रमदावन भनेको चाहिँ प्रमदाया वनम् [स्वास्नीमान्छेको बगैंचा] भन्ने अर्थ गर्न शरणदेव पुगेको कुरालाई उनी धरमराएको कुराको प्रमाणको रूपमा देखाउन सकिन्छ ।

शरणदेवले औंल्याएको अमरकोषको सो श्लोक समग्र रूपमा यस प्रकारको छ–

पुमानाक्रीड उद्यानं राज्ञः साधारणं वनम् ।
स्यादेतदेव प्रमदवनमन्तःपुरोचितम् ।।[१०]

---

८. रघुवंश १४।३३ ।

९. रघुवंश १४।३३ मा सञ्जीवनी ।

१०. अमरकोष २।४।३ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[राजाको सामान्य बगैंचा पुंलिङ्गी आक्रीड:, अनि उद्यानम् हुन्छ । यहीं नै, रनिवासका स्वास्नीमान्छेहरूलाई सुहाउनेचाहिँ प्रमदवनम् हुन्छ ।]

प्रमदावन शब्दको प्रयोग भएको कुराको उदाहरणको रूपमा शरणदेवले औंल्याएको भट्टिकाव्यको सो श्लोक समग्र रूपमा यस प्रकारको छ–

दृष्ट्वा सुषुप्तं राजेन्द्रं पापो ऽयं विषमाशयः ।
चारकर्मणि निष्णातः प्रविष्टः प्रमदावनम् ।।[११]

[खराप आशय भएको, चेत्राचर्चा गर्न सिपालु, यो पापी, सरकार मस्तसँग सुकला भएको देखेर स्वास्नीमान्छे-हरूको बगैंचामा पस्यो ।]

वि. सं. १२३० मा[१२] आफूले लेखेको दुर्घटवृत्तिमा प्रमदवन र प्रमदावनको अर्थको विषयमा शरणदेवले जुन कुरा लेखेका छन्, त्यस्तै कुरा उनीभन्दा अघिका ग्रन्थकारहरूले पनि लेखेको देखिएको छ ।

वि. सं. ११७६ मा प्रसिद्धि पाइसकेको,[१३] जातरूपले लेखेको अमरकोषको टीकामा अमरकोषको माथि उद्धरण

---

११. भट्टिकाव्य ९।८२ ।

१२. नत्वा शरणदेवेन सर्वज्ञं ज्ञानहेतवे ।
बृहद्भट्टजनाम्भोजकोशवीकासभास्वते ।।
शाकमहीपतिवत्सरमाने एकनभोनवपञ्चविताने ।
दुर्घटवृत्तिरकारि मुदे वः कण्ठविभूषणहारलतेव ।।

(दुर्घटवृत्ति १ पृष्ठ)

[ठूलठूला विद्वान्हरूरूपी कमलको कोपिला फुलाउने सूर्य भएको ज्ञानको कारणको लागि, बुद्धलाई ढोगेर कण्ठ सिँगार्ने हार जस्तो भएको दुर्घटवृत्ति शाक राजाको संवत्को मान १०९५ मा शरणदेवद्वारा तपाईंहरूको खुशीको लागि बनाइयो] ।

१०९५ लाई बुझाउन एकनभोनवपञ्च भनी यहाँ लेखिएकोले अङ्कानां वामतो गतिः [बायाँदेखि अङ्कहरूको हिँडाइ हुन्छ] भन्ने नियमको खयाल यहाँ नराखिएको देखिन्छ । अभिलेखहरूमा पनि कहीं कहीं यस नियमको खयाल नराखिएको देखिएको छ । (वि. सं. २०२१ मा दिल्ली, वाराणसी र पटनाबाट मोतीलाल बनारसी-दासद्वारा प्रकाशित, दीनेशचन्द्र सरकारको इन्डिअन् एपिग्रफि [भारतीय अभिलेखशास्त्र] का २२१, २३० पृष्ठ ।]

१३. कोष र व्याकरणका केही पुस्तकमा जातरूपले लेखेको, अमरकोषको टीकाका उद्धरण देखिएकाले जातरूपको पनि अमरकोषमा टीका रहेछ भन्ने कुरा विद्वान्हरूलाई थाहा थियो तापनि सो टीका फेला भने परेको थिएन । केसरपुस्तकालयमा रहेका लेखोट पुस्तकहरूको सूची बनाउँदै जाँदा वि. सं. २०३२ मा मैले त्यहाँ सो टीकाको पुस्तक भेट्टाएँ ।

[वि. सं. २०३५ मा काठमाडौँबाट महेशराज पन्तद्वारा प्रकाशित, उनैको अन् स्यान्स्क्रिट् एड्युकेशन् [संस्कृतशिक्षाको विषयमा] का ११३–११४ पृष्ठ ।]

वि. सं. ११७६ मा शिवदेवको पालामा सारिएको त्यस पुस्तकको पुष्पिकावाक्य वि. सं. २०३४ मा काठमाडौं-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गरिएको श्लोकको टीका यसरी गरिएको छ–

सर्वलोकैस्साधारणोपभोग्यं राजोपवनम् । आक्रीडन्त्यस्मिन्नित्याक्रीड उच्यते । यत्र राजा चान्ये च रमन्ते । राजोपवनमेवोपकारिकासन्निहितं पुरसन्निहितं वा । अन्तः-पुरोचितम्प्रमदवनम् । यत्रान्तःपुरसहित एव राजा विहरत्यन्यजनप्रवेशो नास्ति । प्रमदावनमित्यपि काव्ये दृश्यते ।

दृष्ट्वा सुषुप्तं राजेन्द्रम्पापोयं विषमाशयः ।
चारकर्मणि निष्णातः प्रविष्टः प्रमदावनमिति ॥[१४]

[सर्वसाधारणले साधारण रूपले भोग गर्न सकिने राजाको बगैंचा हुन्छ । यहाँ आक्रीड [खेलवाड] गर्छन् भन्ने अर्थमा आक्रीड भनिन्छ । जहाँ राजा र अरूहरू रमण गर्छन् । राजाको बगैंचा, कि पालको नजीकै, कि शहरको नजीकै हुन्छ । अन्तःपुर [रानीहरू][१५] लाई सुहाउने प्रमदवन हुन्छ । जहाँ अन्तःपुर [रानीहरू]सहित राजा मात्र विहार गर्छन्, अरू मानिसहरूको प्रवेश हुँदैन । प्रमदावन यस्तो पनि काव्यमा देखिन्छ–

दृष्ट्वा सुषुप्तं राजेन्द्रं पापो ऽयं विषमाशयः ।
चारकर्मणि निष्णातः प्रविष्टः प्रमदावनम् ॥]

विक्रमको बाह्रौं शताब्दीको अन्त्यतिरका[१६] क्षीरस्वामीले लेखेको, अमरकोषको टीका, अमरकोशोद्घाटन भन्ने नाउँले प्रसिद्ध छ । त्यहाँ अमरकोषको माथिको श्लोकको यसरी टीका गरिएको छ–

आक्रीडन्त्यास्मिन्नाक्रीडः उद्यान्त्यस्मिन्नुद्यानम् । साधारणं राज्ञीभिः सह ॥

बाट नेपाल रिसर्च सेन्टरद्वारा प्रकाशित, महेशराज पन्त र ऐश्वर्यधर शर्माको द टू अर्लिएस्ट् कप्अर्–प्लेट् इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल् [नेपालका दुइटा सबभन्दा पुराना ताम्रपत्र] को ९ पृष्ठमा छापिएको छ । मूल ग्रन्थ भने अहिलेसम्म छापिएको छैन ।

१४. केसरपुस्तकालयको हस्तलिखित ग्रन्थसङ्ख्या ५६० को, कोश भन्ने नाउँले दर्ता भएको, जातरूपले बनाएको अमरकोषको टीकाको पुस्तकको ४५ पत्र ।
मूल पुस्तकमा परेका अशुद्धि सच्याई माथि दिइएको छ । त्यहाँको जस्ताको तस्तो पाठ भने यस्तो छ–
सर्वलोकैस्साधारणोपभोगं राजोपवन० । आक्रीडंत्यास्मिन्नित्याक्रीड उच्यते । यत्र राजा चान्ये च रमन्ते । राजोपवनमेवापकरिकासन्निहितं । पुरसन्निहितं वा अन्तपुरोचितम्प्रमदवनम् । यत्रान्तः-पुरसहित एव राजा विहरत्यन्यजनप्रवेशो नास्ति । प्रमदावनमित्यपि काव्य दृश्यते । दृष्ट्वा । सुसुप्तं राजेन्द्रम्पापोयं विषमाशयः । चारकर्मणि । निष्णातुः प्रविष्टः प्रमदावनमिति ।

१५. अन्तःपुर शब्दको मूल अर्थ रनिवास भन्ने हो तापनि यसको अर्को अर्थ रानी वा रानीहरू भन्ने पनि हुन्छ । अन्तःपुर आदि रनिवासलाई बुझाउने शब्दले रानीलाई पनि बुझाउँछन् भन्ने निबन्धमा मैले यस विषयमा खुलाएर लेखेको छु । सो निबन्ध पूर्णिमामा छापिँदैछ ।

१६. वि. सं. २०३६ मा वीस्बादेनबाट ओट्टो हर्रसोवित्सद्वारा प्रकाशित, क्लाउस फोगेलको इन्डिअन् लेक्सिकोग्-रफि [भारतीय कोषविद्या] अर्थात् यान् खोन्डाद्वारा सम्पादित, ए हिस्टरि अफ् इन्डिअन् लिट्अरेचर् [भारतीय वाङमयको इतिहास] को पाँचौं ठेलीको चारौं भागको ३१४ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रमदार्थं वनं प्रमदानां वा प्रमदवनम् । 'ङ्यापोः संज्ञाच्छन्दसोर्बहुलम्' (६.३.६३) इति ह्रस्वः ।।...[१७]

[यहाँ आक्रीड [खेलबाड] गर्छन् भन्ने अर्थमा आक्रीडः । यहाँ उद्यान [जवाइ] गर्छन् भन्ने अर्थमा उद्यानम् । साधारण, रानीहरूसँग ।

आनन्दको लागिको वा स्वास्नीमान्छेहरूको बगैंचा प्रमदवनम् । ङ्यापोः संज्ञाछन्दसोर्बहुलम् (६।३।६३) भनी भनेकोले ह्रस्व ।]

शरणदेवले दुर्घटवृत्ति लेख्नुभन्दा १४ वर्षअघि वि. सं. १२१६ मा[१८] सर्वानन्दले लेखेको अमरकोषको टीका टीकासर्वस्व भन्ने नाउँले प्रख्यात छ । त्यहाँ अमरकोषको माथिको श्लोकको टीका यसरी गरिएको छ–

आक्रीडद्वयं सर्वोपभोग्ये राज्ञो वने । आरामवदाक्रीडः । उद्यातोद्युद्यानम् । गहनवद् युच् ।।

राज्ञो वनं यदन्तःपुरोचितं, न साधारणं, तत् प्रमदवनम् । ङ्यापोः–(६.३.६३) इति ह्रस्वः ।

---

१७. वि. सं. १९७२ मा अनन्तशयनबाट राजकीय मुद्रणयन्त्रालयद्वारा प्रकाशित, त. गणपति शास्त्रीको श्रीमदमरसिंहविरचितं नामलिङ्गानुशासनं, क्षीरस्वामिप्रणीतया अमरकोशोद्घाटनाख्यया व्याख्यया वन्द्यघटीयसर्वानन्दप्रणीतया टीकासर्वस्वाख्यया व्याख्यया च समेतं [क्षीरस्वामीले बनाएको अमरकोशोद्घाटन भन्ने व्याख्याले र वन्द्यघटीय सर्वानन्दले बनाएको टीकासर्वस्व भन्ने व्याख्याले सहित भएको, श्रीमान् अमरसिंहले बनाएको नामलिङ्गानुशासन]को दोस्रो भागका ५३–५४ पृष्ठ ।

१८. **दैवे युगसहस्रे द्वे ब्राह्मः**

(अमरकोष १।४।२१)

[देवताका दुइ हजार युग ब्रह्माको एक अहोरात्र हुन्छ]
भन्ने अमरकोषको वाक्यको टीका गर्दा सर्वानन्दले यस्तो

इदानीं चैकाशीतिवर्षाधिकसहस्रैकपर्यन्तेन शकाब्दकालेन (१०८१) षष्टिवर्षाधिकद्विचत्वारिंशच्छतानि कलिसन्ध्याया भूतानि (४२६०) ।

(वि. सं. १९७१ मा अनन्तशयनबाट प्रकाशित, त. गणपति शास्त्रीको श्रीमदमरसिंहविरचितं नामलिङ्गानुशासनं, क्षीरस्वामिप्रणीतया अमरकोशोद्घाटनाख्यया व्याख्यया वन्द्यघटीयसर्वानन्दप्रणीतया टीकासर्वस्वाख्यया व्याख्यया च समेतंको पहिलो भागको ९१ पृष्ठ ।)
[अहिले एक हजार एकासी [१०८१] वर्षले सीमा गरिएको शकवर्षकाल र कलिसन्ध्याका बयालीस सय साठी [४२६०] भए ।]
लेखेकाले उनले टीकासर्वस्व वि. सं. १२१६ मा लेखेको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

'प्रमदवनोपकण्ठनलिनीषु लताभवनेषु भूभुजः'

इति ह्रस्वः।

"रावणे जहिहि द्वेषं जहाहि प्रमदावनम्" (स. २०, श्लो. १०) इति भट्टौ दीर्घवदपि ।।[१९]

[सर्वसाधारणले भोग गर्न पाइने, राजाको बगैँचा भन्ने अर्थमा दुइटा शब्द छन् । तिनमा पहिलो आक्रीड हो । आक्रीड आराम जस्तै हो । जान्छ भन्ने अर्थमा उद्यान । गहनमा जस्तै युच् प्रत्यय भएको छ । राजाको जुन बगैँचा रानीहरूलाई सुहाउने खालको छ, जुन साधारण भने होइन, त्यो प्रमदवन हो । ङ्यापोः संज्ञाछन्दसोर्बहुलम् (६।३।६३) भनेकोले ह्रस्व भएको हो ।

प्रमदवनोपकण्ठनलिनीषु लताभवनेषु भूभुजः । यहाँ ह्रस्व छ ।

रावणे जहिहि द्वेषं जहाहि प्रमदावनम् । (२०।१०) भन्ने भट्टिकाव्यमा भएकोले दीर्घ भएको पनि छ ।]

सर्वानन्दले प्रमदवनको उदाहरणको रूपमा उद्धरण गरेको वाक्य कहाँको हो, मलाई थाहा छैन ।[२०] उनले प्रमदावनको उदाहरणको रूपमा भट्टिकाव्यबाट उद्धरण गरिएको श्लोक समग्र रूपमा यस प्रकारको छ–

---

१९. गणपति शास्त्रीको पूर्वोक्त ग्रन्थको दोस्रो भागको ५४ पृष्ठ ।

२०. सर्वानन्दले प्रमदवनको उदाहरणको रूपमा जुन वाक्य कतैबाट उद्धरण गरेका छन्, त्यो वाक्य विक्रमको पन्ध्रौँ शताब्दीका (क्लाउस फोगेलको उपर्युक्त ग्रन्थको ३१५ पृष्ठ) दाक्षिणात्य मल्लिनाथले पनि अमरकोषको आफ्नो टीका अमरपदपारिजातमा उद्धरण गरेका छन् । त्यो वाक्य मल्लिनाथले कहाँबाट सारेका हुन्, उनले केही खुलाएका छैनन् । आश्चर्य लाग्ने कुरा के छ भने सर्वानन्दले प्रमदवनको उदाहरणको रूपमा प्रस्तुत गरेको त्यो वाक्य मल्लिनाथले प्रमदवनको ठाउँमा प्रमदावन पाठ पढी अरू जस्ताको तस्तै उतारी प्रमदावनको उदाहरणको रूपमा पो प्रस्तुत गरेका छन्–

अन्तःपुरोचितमेतदेव वनं प्रमदवनं स्यात् । ह्रस्वतृतीयः । 'प्रमदावनोपकण्ठनलिनीषु लताभवनेषु भूभुजः' इति दीर्घतृतीयश्च भवति ।

(अमरकोष २।४।३ मा अमरपदपारिजात)

[वि. सं. २०२८ मा आडयारबाट दि आडयार लाइब्रेरी यान्ड रिसर्च सेन्टरद्वारा प्रकाशित, ए. ए. रामनाथन्को अमरकोश [१] विथ् दि अन्पब्लिश्ड् साउथ् इन्डिअन् कम्एन्टर्इज् अमरपदविवृति अफ् लिङ्गयसूरिन् यान्ड् दि अमरपदपारिजात अफ् मल्लिनाथ [लिङ्गयसूरिन्को अमरपदविवृति र मल्लिनाथको अमरपदपारिजात भन्ने अप्रकाशित दक्षिण भारतीय टीकासहितको अमरकोशको पहिलो खण्ड] को २१६ पृष्ठ ।]

[यही, रानीहरूलाई सुहाउनेचाहिँ प्रमदवन हुन्छ । यहाँ तेस्रो अक्षर ह्रस्व छ । प्रमदावनोपकण्ठनलिनीषु लताभवनेषु भूभुजः भनेकोले तेस्रो अक्षर दीर्घ भएको रूप पनि हुन्छ ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जहीहि शोकं वैदेहि प्रीतये धेहि मानसम् ।
रावणे जहिहि द्वेषं जहाहि प्रमदावनम् ।।[२१]

[हे सीता, शोक गर्न छोड्नुहोस् । आनन्दको लागि मन अडाउनुहोस् । रावणको रिस गर्न छोड्नुहोस् । स्वास्नीमान्छेहरूको बगैंचा छोड्नुहोस् ।]

यतासम्मका कुराबाट लोकमा चलेका **प्रमदवन**, **प्रमदावन** शब्दको विषयमा शरणदेवले जुन कुरा लेखे, त्यो कुरा उनीभन्दा अगाडि अरू ग्रन्थकारहरूले लेखिसकेका थिए भन्ने कुरा स्पष्ट भएको छ । त्यस्तै, **प्रमदवनको** जुन अर्थ शरणदेवले गरेका छन्, त्यो अर्थ उनीभन्दा अगाडिका क्षीरस्वामीले गरिसकेका थिए भन्ने कुरा पनि स्पष्ट भएको छ । शरणदेवले **प्रमदावनको** जुन उदाहरण काव्यबाट दिएका छन्, त्यो उदाहरण पनि उनीभन्दा अगाडिका जातरूपले दिइसकेका थिए भन्ने कुरा यतासम्मका कुराबाट खुलस्त भएको छ ।

यस प्रसङ्गमा भन्नुपर्ने अर्को कुरा के छ भने सर्वानन्दले **अमरकोषको प्रमदवनमा** मात्र चित्त नबुझाई काव्यबाट **प्रमदवनको** उदाहरण खोजी झिकेका छन् र **प्रमदावनको** उदाहरण **भट्टिकाव्यबाट** उनले जो दिएका छन्, त्यो **भट्टिकाव्यबाट** अरू सबैले दिइसकेको उदाहरण नभई नौलोचाहिँ हो ।

ङ्यापोः संज्ञाछन्दसोर्बहुलम् ६।३।६३ भन्ने सूत्रको उदाहरणको रूपमा संज्ञाका जुन उदाहरण **काशिकामा** दिइएका छन्, ती उदाहरण **रेवतिपुत्रः** [रेवतीका छोरा], **रोहिणिपुत्रः** [रोहिणीका छोरा] र **नान्दीकरः** [मङ्गल गर्ने] **नान्दीघोषः** [मङ्गलध्वनि] जस्ता भएकाले यी संज्ञा खास नाउँको रूपका नभई पहिचान गराउने खालका हुन् भनी भन्न सकिन्छ । यी उदाहरण खास नाउँका नभएकाले होला, पछिका विद्वान्हरूमध्ये कसैले त्यही पदलाई संज्ञा र कसैले असंज्ञा मानेको पनि देखिएको छ । रघुवंशमा कालिदासले प्रयोग गरेको **वैदेहिबन्धु** [सीताका नातेदार] शब्दलाई **दुर्घटवृत्तिका** कर्ता शरणदेवले असंज्ञामा पनि ह्रस्व भएको उदाहरणको रूपमा औंल्याएका छन् त त्यही शब्दलाई रघुवंशका प्रसिद्ध टीकाकार मल्लिनाथले भने कालिदास जस्तै संज्ञामा ह्रस्व भएको भनी लेखेको कुरा माथि परिसकेको छ ।

यस कारण **चरकसंहितामा** परेको **नारिषण्ड** [स्वास्नीमान्छे नपुंसक] भन्ने शब्द पाणिनिको **ङ्यापोः संज्ञाछन्दसोर्बहुलम्** ६।३।६३ भन्ने सूत्रद्वारा ह्रस्व भएको हो भनी भन्न जति भने पनि सकिन्छ । पाणिनिले बहुलग्रहण गरेकाले **वैदेहिबन्धुलाई** असंज्ञामा ह्रस्व भएको भनी शरणदेवले मानेको र त्यही शब्दलाई मल्लिनाथले संज्ञामा ह्रस्व भएको भनी मानेको देखिएकोले **नारिषण्ड** संज्ञा असंज्ञा जे भए पनि यही सूत्रबाट ह्रस्व भएको हो भनी भन्दा कुनै विप्रतिपत्ति पर्ला जस्तो मलाई लागेन ।

चरकका आधुनिक व्याख्याता योगीन्द्रनाथ सेनले **नारिषण्ड** पदमा नारी शब्द ह्रस्व हुनुको कारण, यो वैदिक रूप भएकोले हो भनी लेखेको कुरा माथि पारिसकेको छ । स्वास्नीमान्छे भन्ने अर्थमा नारि शब्द वेदमा ह्रस्व पनि देखिएकोले[२२] सेनको विचार झवाट्ट हेर्दा ठीक देखिन्छ तापनि समस्तपदमा ङ्यन्त शब्द ह्रस्व गर्ने सूत्र पाउँदा पाउँदै

---

२१. भट्टिकाव्य २०।१०।

२२. शं नः करत्यर्वते सुगं मेषाय मेष्ये । नृभ्यो नारिभ्यो गवे ।।
(ऋक्संहिता १।४३।६)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लौकिक भाषामा लेखिएको चरकको शब्दसाधुत्व सिद्ध गर्न वैदिक प्रयोग अघि सार्नुपर्ने जरूरत देखिँदैन ।

४४

बृहन्नडालाई बुझाउन महाभारतमा प्रयोग भएका नपुंसकवाचक शब्द

—महेशराज पन्त

बाह्र वर्षको वनवास सकेपछि पञ्च पाण्डव द्रौपदीसमेत एक वर्षको गुप्तवासको लागि भेष बदलेर दरवार पस्दा अर्जुनले बृहन्नडा [बृहन्नला] को नाउँले नपुंसकको रूप धरेका थिए भन्ने कुरा हामी सबैले सुनेकै हो । बृहन्नडा-लाई बुझाउन महाभारतमा नपुंसकवाचक कुन कुन शब्दको प्रयोग भएको छ भन्ने कुरामा विचार गर्न सजिलो होस् भनी महाभारतका तत्तत्सन्दर्भमा आएका श्लोकहरू उल्थासमेत गरी यस निबन्धमा प्रकाश गरिएका छन् ।

तेन स्तोतृभ्य आ भर नृभ्यो नारिभ्यो अत्तवे । सद्यो जात ऋभुष्ठिर ।।

(ऋक्संहिता ८।७७।८)

इन्द्राणीमासु नारिषु सुभगामहमश्रवम् ।
न ह्यस्या अपरं चन जरसा मरते पतिर्विश्वस्मादिन्द्र उत्तरः ।।

(ऋक्संहिता १०।८६।११, अथर्वसंहिता २०।१२६।११)

देवस्य त्वा सवितुः प्रसवेऽश्विनोर्बाहुभ्यां पूष्णो हस्ताभ्याम् । आददे नारिरसि ।।

(वाजसनेयिसंहिता ३७।१)

वैदिक स्वरचिह्न छापाखानामा नभएकाले यहाँ दिइएका छैनन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महाभारतमा बृहन्नडालाई बुझाउन षण्ढक शब्दको प्रयोग भएको देखिएको छ–

प्रतिज्ञां षण्ढकोऽस्मीति करिष्यामि महीपते ।
ज्याघातौ हि महान्तौ मे संवर्तुं नृप दुष्करौ ॥[१]

[सरकार, षण्ढक हुँ भनी म कबूल गर्नेला । मेरा, ताँदाका ठूलाठूला ठेला भने छोप्न गाह्रा छन् ।]

महाभारतमा बृहन्नडालाई बुझाउन षण्ढ शब्दको वारंवार प्रयोग भएको देखिएको छ–

राजा विराटोऽथ भृशं प्रतप्तः श्रुत्वा सुतं ह्येकरथेन यातम् ।
बृहन्नडासारथिमाजिवर्धनं प्रोवाच सर्वानथ मन्त्रिमुख्यान् ॥
सर्वथा कुरवस्ते हि ये चान्ये वसुधाधिपाः ।
त्रिगर्तान्निर्जिताञ्श्रुत्वा न स्थास्यन्ति कदाचन ॥
तस्माद्गच्छन्तु मे योधा बलेन महता वृताः ।
उत्तरस्य परीप्सार्थं ये त्रिगर्तैरविक्षताः ॥
हयांश्च नागांश्च रथांश्च शीघ्रं पदातिसंघांश्च ततः प्रवीरान् ।
प्रस्थापयामास सुतस्य हेतोर्विचित्रशस्त्राभरणोपपन्नान् ॥
एवं स राजा मत्स्यानां विराटोऽक्षौहिणीपतिः ।
व्यादिदेशाथ तं क्षिप्रं वाहिनीं चतुरङ्गिणीम् ॥
कुमारमाशु जानीत यदि जीवति वा न वा ।
यस्य यन्ता गतः षण्ढो मन्येऽहं न स जीवति ॥[२]

अनि एक्लै रथ चढेर गएको, बृहन्नडा सारथि भएको छोरो लडाइँ बढाउने सुनेर विराट राजालाई अत्यन्त ताप भयो । अनि (उनले) सबै मन्त्रिमुख्यहरूलाई भने ।

ती कौरवहरू र जुन अरू राजाहरू छन्, त्रिगर्तका मान्छे जितिएका सुनेर कहिल्यै पक्क परेर बस्ने छैनन् ।

त्यस कारण ठूलो फौजले घेरिएका, त्रिगर्तका मान्छेहरूले घाइते नपारिएका, मेरा लडाकाहरू उत्तरको रक्षा गर्नेको लागि जाऊन् ।

त्यसपछि (विराटले), घोडा, हात्ती, रथ, पैदल सिपाहीका जमात, गजबका हातहतियार र गहनाले युक्त

१. महाभारत ४।२।२१।
[वि. सं. २०२८–२०३२ मा पूनाबाट भाण्डारकरप्राच्यविद्यासंशोधनमन्दिरद्वारा प्रकाशित, चिकित्सितपाठात्मिका महाभारतसंहिता [चिकित्सितपाठ भएको महाभारतसंहिता] को ८०२ पृष्ठ ।]

२. महाभारत ४।६३।९–१४, ८६८–८६९ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भएका ठूलठूला वीरहरूलाई छोराको निमित्त पठाए ।
अनि मत्स्यदेशका ती राजा, अक्षौहिणी फौजका मालिक विराटले त्यो चतुरङ्गिणी [चार अङ्ग भएको= हात्ती, रथ, घोडा र पैदल सिपाहीं भएको] फौजलाई यसरी कट्टै अह्राए ।
कुमार बाँचेका छन् कि छैनन् भन्ने कुरा कट्टै पत्ता लाओ । जसको सारथि भएर षण्ढ गएको छ, त्यो बाँचेको छैन भन्ने मैले ठानेको छु ।]

प्रवर्तमाने द्यूते तु मत्स्यः पाण्डवमब्रवीत् ।
पश्य पुत्रेण मे युद्धे तादृशाः कुरवो जिताः ॥
ततो ऽब्रवीन्मत्स्यराजं धर्मपुत्रो युधिष्ठिरः ।
बृहन्नडा यस्य यन्ता कथं स न विजेष्यति ॥
इत्युक्तः कुपितो राजा मत्स्यः पाण्डवमब्रवीत् ।
समं पुत्रेण मे षण्ढं ब्रह्मबन्धो प्रशंससि ॥[३]

[जूवा थालिंदा पाण्डवलाई [युधिष्ठिरलाई] मत्स्यदेशका राजाले [विराटले] भने– हेर, मेरो छोरोद्वारा त्यस्ता कौरवहरू जितिए ।
धर्मराजका छोरा युधिष्ठिरले त्यसपछि मत्स्यदेशका राजालाई भने– जसको सारथि बृहन्नडा छ, त्यसले कसरी नजित्ला ।
यस्तो भनिएका, रिसाएका मत्स्यदेशका राजाले पाण्डवलाई भने– हे काठा, तँ त मेरो छोराको बराबरीमा षण्ढको तारीफ पो गर्छस् ।]

ततो राज्ञः सुतो ज्येष्ठः प्राविशत्पृथिवींजयः ।
सो ऽभिवाद्य पितुः पादौ धर्मराजमपश्यत ॥
स तं रुधिरसंसिक्तमनेकाग्रमनागसम् ।
भूमावासीनमेकान्ते सैरन्ध्र्या समुपस्थितम् ॥
ततः पप्रच्छ पितरं त्वरमाण इवोत्तरः ।
केनायं ताडितो राजन्केन पापमिदं कृतम् ॥

विराट उवाच ।

मयायं ताडितो जिह्मो न चाप्येतावदर्हति ।
प्रशस्यमाने यः शूरे त्वयि षण्ढं प्रशंसति ॥[४]

---

३. उही ४।६३।३६–३८, ८७० पृष्ठ ।
४. उही ४।६४।१–४, ८७०–८७१ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[राजाका जेठा छोरा, पृथिवीञ्जय [उत्तर] त्यसपछि पसे। तिनले बाबुको गोडामा ढोगेर, रगत लागेका, एकाग्र नभएका, बिराम नभएका, भुइँमा एकातिर पन्छिएर बसेका, सैरन्ध्री नजीक भएका धर्मराजलाई [युधिष्ठिरलाई] देखे।

त्यसपछि हड्बडाएका जस्ता उत्तरले बाबुसँग सोधे– सरकार, कसले यिनलाई कुटेको हो ? कसले यो पाप गरेको हो ?

विराटले भने–

यस बाउँठोलाई मैले कुटेको हुँ। शूरो तिम्रो तारीफ गर्दा षण्ढको तारीफ जो गर्छ, त्यो त यतिको लागि पनि योग्य छैन।]

महाभारतमा नपुंसक बृहन्नडालाई बुझाउन क्लीब शब्दको पनि वारंवार प्रयोग भएको छ–

वृद्धो ह्यहं वै परिहारकामः सर्वान्मत्स्यांस्तरसा पालयस्व।
नैवंविधाः क्लीबरूपा भवन्ति कथंचनेति प्रतिभाति मे मनः॥[५]

[म बूढो भइसकेको छु।। (राजपाट) छोड्ने इच्छा भएको म छु। बलले सारा मत्स्यदेशको रक्षा गर। यस्ता मान्छे क्लीबरूप भएका केही गरे पनि हुँदैनन् भन्ने कुरा मेरो मनमा लाग्छ।]

किंचिदस्य यथा पुंसः किंचिदस्य यथा स्त्रियः।
सारूप्यमर्जुनस्येव क्लीबरूपं बिभर्ति च॥[६]

[यसको केही लोग्नेमान्छेको जस्तो छ, यसको केही स्वास्नीमान्छेको जस्तो छ। अनुहार अर्जुनको जस्तो छ, (यसले) क्लीवको रूप धरेको छ।]

तं दृष्ट्वा क्लीबवेषेण रथस्थं नरपुंगवम्।
शमीमभिमुखं यान्तं रथमारोप्य चोत्तरम्॥
भीष्मद्रोणमुखास्तत्र कुरूणां रथसत्तमाः।
वित्रस्तमनसः सर्वे धनंजयकृताद्भयात्॥[७]

[क्लीबको भेषमा रथमा रहेका, उत्तरलाई रथमा राखेर शमीको रूखतिर गइरहेका, मानिसहरूमा श्रेष्ठ तिनलाई [अर्जुनलाई] देखेर भीष्म र द्रोण आदि, कौरवहरूका मुख्य मुख्य सबै रथीहरू अर्जुनबाट भएको डरले गर्दा तर्सेको मन भएका भए।]

एष वीरो महेष्वासः सर्वशस्त्रभृतां वरः।
आगतः क्लीबवेषेण पार्थो नास्त्यत्र संशयः॥[८]

---

५. उही ४।१०।७, ८११ पृष्ठ।
६. उही ४।३६।३०, ८३९ पृष्ठ।
७. उही ४।३७।१-२, ८४० पृष्ठ।
८. उही ४।३७।६, ८४० पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[ठूलो धनु भिर्ने, हतियार भिर्ने, सबै मान्छेहरूमा श्रेष्ठ, क्लीवको भेषमा आएका यी वीर, पार्थ [पृथाका छोरा=अर्जुन] हुन्, यसमा शङ्का छैन ।]

यद्येष पार्थो राधेय कृतं कार्यं भवेन्मम ।
ज्ञाताः पुनश्चरिष्यन्ति द्वादशान्यान्हि वत्सरान् ।।
अथैष कश्चिदेवान्यः क्लीबवेषेण मानवः ।
शरैरेनं सुनिशितैः पातयिष्यामि भूतले ।।[९]

[हे राधाका छोरा [कर्ण], यो पार्थ [पृथाका छोरा=अर्जुन] हो भने मेरो काम बन्यो । चिनिएका (पाण्डवहरू) अरू बाह्र वर्ष फेरि भौंतारिनेछन् ।
अनि यो, क्लीवको भेषमा अरू नै कुनै मानिस (हो भने) यसलाई तीखा वाणद्वारा पृथ्वीतलमा लडाइदिनेछु ।]

उत्तर उवाच ।

बिभेमि नाहमेतेषां जानामि त्वां स्थिरं युधि ।
केशवेनापि संग्रामे साक्षादिन्द्रेण वा समम् ।।
इदं तु चिन्तयन्नेव परिमुह्यामि केवलम् ।
निश्चयं चापि दुर्मेधा न गच्छामि कथंचन ।।
एवं वीराङ्गरूपस्य लक्षणैरुचितस्य च ।
केन कर्मविपाकेन क्लीबत्वमिदमागतम् ।।
मन्ये त्वा क्लीबवेषेण चरन्तं शूलपाणिनम् ।
गन्धर्वराजप्रतिमं देवं वापि शतक्रतुम् ।।

अर्जुन उवाच ।

भ्रातुर्नियोगाज्ज्येष्ठस्य संवत्सरमिदं व्रतम् ।
चरामि ब्रह्मचर्यं वै सत्यमेतद्ब्रवीमि ते ।।
नास्मि क्लीबो महाबाहो परवान्धर्मसंयुतः ।
समाप्तव्रतमुत्तीर्णं विद्धि मां त्वं नृपात्मज ।

उत्तर उवाच ।

परमो ऽनुग्रहो मे ऽद्य यत्प्रतर्को न मे वृथा ।
न हीदृशाः क्लीबरूपा भवन्तीह नरोत्तमाः ।।[१०]

---

९. उही ४।३७।१४–१५, ८४१ पृष्ठ ।
१०. उही ४।४०।८–१४, ८४४ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[उत्तरले भने–

म यिनीहरूसंग डराउन्नँ । लडाइँमा विष्णु वा इन्द्र बराबर अडिग हजुर होइबक्सन्छ भन्ने कुरा मलाई थाहा छ।

यो त विचार गर्दा गर्दै म खालि रनभुल्ल मात्र पर्छु । बुद्धि नभएको म कसैं गरे पनि निधो गर्न भने सक्तिनँ ।

यसरी वीरको अङ्ग र रूप भएका, लक्षणहरूले ठीक भएकाको कुनचाहिँ कर्मको फलले यो क्लीबपन आयो ? क्लीबको भेषमा हिँड्ने शिवजी, गन्धर्वका राजा जस्ता वा इन्द्रदेव भनी हजुरलाई मैले ठानेको छु।

अर्जुनले भने–

जेठा दाइको आज्ञाले एक वर्ष ब्रह्मचर्यको यो नियम लिएको हुँ, हजुरलाई मैले यो साँचो कुरो बताएको हुँ । हे लामा हात भएका (राजकुमार), म क्लीब होइन, म अरूको वशमा परेको छु, धर्ममा लागेको छु । हे राजकुमार, मलाई नियम पूरा गरेको, पार भएको भनी ठानिबक्स्योस् ।

उत्तरले भने–

आज मलाई ठूलो अनुग्रह भयो । किनभने मेरो तर्क व्यर्थ भएन । मानिसहरूमा श्रेष्ठ भएका यस्ता मानिसहरू यहाँ क्लीब रूपका हुँदैनन् ।]

एक वर्षको गुप्तवासको लागि विराटको दरबार पस्न ककसले केके रूप लिएर जाने हो भन्ने सल्लाह हुँदा

प्रतिज्ञां षण्ढकोऽस्मीति करिष्यामि महीपते ।
ज्याघातौ हि महान्तौ मे संवर्तुं नृप दुष्करौ ।।

[सरकार, षण्ढक हुँ भनी म कबूल गरूँला । मेरा, ताँदोका ठूलठूला ठेला भने छोप्न गाह्रा छन् ।]
भनी अर्जुनले युधिष्ठिरलाई भनेको श्लोक माथि परिसकेको छ ।[११]

महाभारतको चिकित्सित पाठ भनी कहलिएको पाठमा ठाउँ नपाए पनि कुनै कुनै पाठमा यसपछि यो

वलयैश्छादयिष्यामि बाहू किणकृताविमौ ।

[ठेला परेका यी दुवै हात बालाले छोपुँला ।]

भन्ने आधा श्लोक आउँछ ।
यसपछि मात्र चिकित्सित पाठमा पनि भएको

कर्णयोः प्रतिमुच्याहं कुण्डले ज्वलनोपमे [ज्वलनप्रभे] ।।

[आगो जस्ता [आगो जस्ता चहकिला] कुण्डल दुवै कानमा लाएर म]
भन्ने श्लोकार्ध आउँछ ।
यसपछि फेरि, चिकित्सित पाठमा ठाउँ नपाएको

---

११. यही निवन्धको १ सङ्ख्याको पादटिप्पणीको माथिको श्लोक ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पिनद्धकम्बुः पाणिभ्यां तृतीयां प्रकृतिं गतः ।

[दुवै हातमा टम्म चुरा लाएको, तृतीया प्रकृति हुन गएको]

भन्ने श्लोकार्ध आउँछ ।

त्यसपछि मात्र चिकित्सित पाठमा पनि भएको

वेणीकृतशिरा राजन्नाम्ना चैव बृहन्नडा [बृहन्नला] ॥

[सरकार, चुल्ठो पारेको, नाउँले पनि बृहन्नडा]

भन्ने श्लोकार्ध आउँछ ।[१२]

यस कारण **षण्ढक/षण्ढ** वा **क्लीब** शब्द प्रयोग गर्दा गर्दै **महाभारतमा तृतीया प्रकृति** शब्दले पनि बृहन्नडारूपका अर्जुनलाई बुझाएको छ भनी भन्न सकिन्छ । यसैले धेरैजसा कोषहरूमा **तृतीया प्रकृतिलाई षण्ढ र क्लीबको** पर्याय[१३] माने जस्तै **महाभारतमा** पनि **तृतीया प्रकृतिलाई षण्ढ र क्लीबको** पर्याय मानिएको छ भनी भन्न नसकिने होइन ।

हरदत्तको लेखाइअनुसार **पोटा** र **षण्ढ** शब्द पर्यायवाची देखिन गएकामा[१४] यताबाट भने कोषहरूबाट जस्तै **तृतीया प्रकृति, षण्ढ र क्लीब** पर्यायवाची देखिन गएका छन् ।

श्री ५ गीर्वाणबाट कोटलहरका राजा नारायणपाललाई गरिदिएको अप्रकाशित ताम्रपत्र

—दिनेशराज पन्त

श्री

धर्म

(श्री ५ गीर्वाणको प्रशस्ति)

१. स्वस्ति श्रीपरमभट्टारक श्रीराजा नारायणपालके. तिमिले शुद्ध चित्त भै
२. हाम्रा चितायाका उद्योगमा अघि गऱ्याको र अबप्रांत तत्पर भयाको वृ-

---

१२. उदाहरणार्थ– वि. सं. १९३३ मा मुम्बईबाट गणपत कृष्णाजीको छापाखानाद्वारा प्रकाशित, नीलकण्ठको भारतभावदीप टीकासहितको महाभारत विराटपर्वको २ ख पत्र ।

१३. वि. सं. २०४२ मा प्रकाशित पूर्णिमा ६७ अङ्कका १–४२ पृष्ठमा छापिएको, महेशराज पन्तको दरबारका भित्री लङ्मा टहल गर्ने थरीथरीका नपुंसकको विषयमा भन्ने निवन्ध, सो अङ्कको ४ पृष्ठ ।

१४. उसैका २३–२४ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३. त्तान्त हाम्रा हजूर जाहर हुंदा तम्रो कदीम्देपिको सोलसिहिको कि-
४. ल्ला १ मान्कढिको प्रगन्ना १ तलहट्टिको प्रगन्ना १ कोटलहडको रजा-
५. वी तम्रा सन्तान् दरसन्तान्मम्मलाई अभयको मोहर तांवापत्र गरिवक्स्यौं.
६. मन वचन कर्मले हाम्रो सोझो चिताई — — — करारमा कायम् रहि हाम्रा
७. काजमा तन्मन् लाई आफ्नु राज्य रजात्री जार्नी चलन् भोग्य गर.
८. सं १८६६ प्रथम वैसाषसुदि रो शुभम्

(पछिल्तिर पछि लेखिएको)

१. हाम्रां काजमा तत्पर भै गर्‍याको हुदा तिम्रो अघिदेखीको कोट्लहरको रजाई तिम्रा सन्तान् दरसन्तान्सम्मलाई
२. अभयेको मोहर तावापत्र गरीवक्स्यौ भन्न्या १८६६ सालमा राजा नारायणपालकका नाउमा गरीबक्सेको तावापत्र-
३. को नकल

(परराष्ट्रमन्त्रालयको ११७ सङ्ख्याको खाममा यस ताम्रपत्रको नकल छ।)

कलकत्तामा बसेका नेपाली दूतको तलबसम्बन्धी कुरा परेको अप्रकाशित पत्र

—*दिनेशराज पन्त*

श्रीदुर्गा सहाय

श्रीदुर्ग्गा

भवानि

श्रीगुरु पंडितराज श्रीकृष्ण पंडितज्यू

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का — — — — — —
२. आगे — — — — — प्रति. कलकत्तामा ढेर वस्नुपर्दा रीन लाग्यो भनि ताहांबाट ले-
३. षनुहुंदा रिन तारिबक्सौंला भनी अघि लेषि गयाको हो. सम्वत १८६९ साल
४. मोरंगको काठमाहालका आमदनीमध्ये कलकत्ताको कर्जा सोध रुपैया ८००० त-
५. नुषाह गरिवक्स्यौं. भरि लिनुहोला. बहि बुझदा कबुलीयत्मा मोजरा पर्ला. इ-
६. ति सम्वत १८६९ साल मिति आसिनसुदि ८ रोज ३ शुभम् — — —

(पछिल्तिर)

मार्फत् प्राण साह
मार्फत् दलभन्जन् पांडे

मार्फत् रणध्वज थापा
मार्फत उदै गिरि

मार्फत भीमसेन थापा

[परराष्ट्रमन्त्रालयको ११६ सङ्ख्याको खाममा यस पत्रको सकल छ ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शुद्धिपत्र

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
४	२७	फस्ट्	फर्स्ट्

७ पृष्ठको १८ पङ्क्तिमा टुङ्गिएको पुष्पिकाको परिचयमा छुटेको यो पुष्पिका अन्त छापिएको छँन।

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
८	७	लेखाउनु हुन्छ	लेखाउनुहुन्छ
१४	२०	ताडपत्रपुस्तकात्	ताडपत्रलिखितपुस्तकात्
१४	२६	रामाङ्क	रामान्क
१४	३०	सिंहइन्	सिंह इन्
१५	१३	पृष्ठ।	पृष्ठ।)
१५	१६	जसकीर्त्ति राग	जसकीर्त्तिराग
१५	२३	रामादासात्मजस्य	रामदासात्मजस्य
१९	२२	अप्रकाशित	अप्रकाशित
२०	१२	मार्फत्	मार्फत

२० पृष्ठको सबभन्दा पछिल्लो पङ्क्तिपछि थप्नुपर्ने
(पछिल्तिर)

रुजु सेरवहादुर साह
रुजु प्रण साहा
रुजु त्रिभुवन्

मार्फत् भिमसिन थापा
रुजु नरसिंह
रुजु दलभंजन् पांडे

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
२१	१५	आगँ	आगे
२१	२४	पुर्व	पूर्व
२१	३२	पूर्व	पुर्व
२२	२८	चह्लौट्या	चन्हौट्या
२६	१७	छ।	छ।]
३१	२१	६८०	८०
३२	११	(लोमकाषण्डम्।	लोमकाषण्डम्।
३३	९	॥	॥८
३४	३०	एड्यकेशन्	एड्युकेशन्
३५	१६	आक्रीडन्त्या°	आक्रीडन्त्य°
३६	६	°ध्युद्यानम्।	°त्युद्यानम्।
३७	१२	गरिएको	गरेको
३८	११	त्यो	त्यो,
३९	५	दरबार	विराटको दरबार
४०	१८	अनि	[अनि
४४	१८	गरूँला।	गरुँला।
जिल्ला	६	रू.	रु.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हाम्रा प्रकाशित कृति

संशोधन–मण्डलतर्फबाट

१.	पूर्णिमा १ देखि ६८ अङ्कसम्म	४९३।५०	७.	पश्चाङ्ग–संशोधन	१५।–
२.	अभिलेख–संग्रह १ देखि १२ भागसम्म	७।५०	८.	बुद्धिविनोदप्रश्नावली र त्यसको उत्तर	२।–
३.	इतिहास–संशोधन	५०।–	९.	रत्नदीप	२।५०
४.	सावधान–पत्र	२५।–	१०.	वृत्तशतक	३।–
५.	विद्या–रक्षा	२०।–	११.	नेपालसंवत्‌को राष्ट्रिय मान्यताको अनौचित्य	५।–
६.	व्याकरण-संशोधन	३।५०	१२.	श्री ३ महाराज पद्मशमशेरका कुरा	१२।–

नेपाल–सांस्कृतिक–परिषद्‌तर्फबाट

१.	जयरत्नाकरनाटक	८।–	३.	ऐतिहासिक पत्रसंग्रह (पहिलो भाग)	४।५०
२.	त्रिरत्नसौन्दर्यगाथा	१०।–	४.	ऐतिहासिक पत्रसंग्रह (दोस्रो भाग)	३।५०

जगदम्बा–प्रकाशनतर्फबाट

१.	गल्लीमा फ्याँकिएका कसिङ्गर	६।२५	३.	श्री ५ पृथ्वीनारायण शाहको उपदेश (१–५ खण्ड)	४१।–
२.	इतिहास–संशोधनको प्रमाण–प्रमेय	१८।–			

त्रि. वि. वि. पाठ्यक्रमविकासकेन्द्रतर्फबाट

१.	गालबोध	१३।७२	२.	सुमतितन्त्र	१०२।५०

नेपाल राजकीय–प्रज्ञाप्रतिष्ठानतर्फबाट

१.	पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति	१६।४०	३.	त्रिकोणमिति (ज्योत्पत्ति)	२५।२५
२.	प्राचीन र नवीन गणितको तुलना	१५।–	४.	श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्या	२५।४०

अरू प्रकाशनतर्फबाट

१.	लिच्छविकालमा चलेका संवत्	१२।–	४.	इनेष्ट् स्पेसइमिन् ?	२०।–
२.	गोरखाको इतिहास	१००।	५.	ह्वट् डिड् अंशुवर्मन् राइट् ?	४०।–
३.	अन् स्यान्स्क्रिट् एड्युकेशन्	३५।–			

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) का. से. अ. द. नं. १५५/२४९

कार्यालय–

संशोधन–मण्डल

१०/३७४ वटु सवलबहाल, काठमाडौं, नेपाल

वि. सं. २०४३ वैशाख

यस अङ्कको मूल्य रू. २०।–

मुद्रक–

शक्ति प्रिन्टर्स

नरदेवी, काठमाडौं